# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३७ | काठमाडौं | शनिबार, १६ जेठ २०८३ | Prabhab National Daily | Saturday, 30 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# २१ खर्ब २४ अर्बको बजेट

## ऋणको भार थप्दै बढाइयो आकार, कार्यान्वयनमा चुनौती



■ दिपा सुनुवार

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष (आव) २०८३/८४ का लागि महत्त्वाकांक्षी र इतिहासकै ठूलो बजेट प्रस्तुत गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँबराबरको बजेट प्रस्तुत गरेका हुन्। बजेटले सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र मूल्यवृद्धि छ प्रतिशतभित्र सीमित गर्ने महत्त्वाकांक्षी लक्ष्य राखेको छ।

जेन-जी विद्रोहपछि झण्डै दुईतिहाइ बहुमतसहित उदायको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले रुपान्तरणकारी बजेटको रुपमा यसलाई प्रस्तुत गरेको छ। बजेटले सबै पक्षलाई खुसी पार्ने प्रयास गरेको देखिए पनि स्रोत ऋणमै निर्भर हुँदा कार्यान्वयन चुनौतीपूर्ण हुने अर्थविद्हरूले बताएका छन्।

अर्थमन्त्री वाग्लेले प्रस्तुत गरेको बजेट चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशत ठूलो आकारको हो। कूल विनियोजनमध्ये चालुतर्फ सबैभन्दा बढी ५९.८ प्रतिशत अर्थात् १२ खर्ब ७० अर्ब ५८ करोड रुपैयाँ विनियोजन गरिएको छ। सुशासन, विकास र प्रशासनिक खर्च कटौतीलाई मूल एजेण्डा बनाएको यो सरकारले पनि अघिल्ला सरकारहरूले जस्तै अधिकांश बजेट चालु खर्चतर्फ नै विनियोजन गर्ने प्रवृत्तिलाई निरन्तरता दिएको छ।

विकास निर्माणमा खर्च हुने पुँजीगत बजेट चार खर्ब ३१ अर्ब १० करोड रुपैयाँमा सीमित गरिएको छ। यो कूल विनियोजनको २०.२९ प्रतिशत हो। वित्तीय व्यवस्थातर्फ चार खर्ब २२ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएको छ। वित्तीय व्यवस्थातर्फको बजेट ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुन्छ।

बजेटको स्रोततर्फ १४ खर्ब पाँच अर्ब ३१ करोड रुपैयाँ राजस्वबाट पूर्ति गर्ने सरकारको लक्ष्य छ। राजस्वबाट बेहोर्ने यो स्रोतबाहेक बजेटमा सात खर्ब १९ अर्ब तीन करोड रुपैयाँ अपुग हुने देखिन्छ। बजेटको यो घाटामध्ये ६१ अर्ब ७४ करोड रुपैयाँ वैदेशिक अनुदान प्राप्त गर्ने र दुई खर्ब ४७ अर्ब २८ करोड रुपैयाँ वैदेशिक ऋण लिने सरकारको लक्ष्य छ। वैदेशिक अनुदान र ऋण लिँदा पनि अपुग हुने चार खर्ब १० अर्ब रुपैयाँ आन्तरिक ऋण लिएर पूर्ति गरिने बजेटको स्रोतमा उल्लेख छ। सरकारले उठाउने आन्तरिक ऋणबाट दुई खर्ब ४५ अर्ब ८९ करोड रुपैयाँ त ऋणको साँवा भुक्तानीमै खर्च हुने अर्थमन्त्री वाग्लेले बताए। त्यसो हुँदा आगामी आवमा एक ६४ अर्ब ११ करोड रुपैयाँमात्र आन्तरिक ऋण परिचालन हुने उनले बताए।

### वित्तीय हस्तान्तरण

सरकारले आगामी आर्थिक वर्षमा प्रदेशलाई ६१ अर्ब ५० करोड रुपैयाँ र स्थानीय तहलाई ९० अर्ब २० करोड रुपैयाँ वित्तीय हस्तान्तरण गर्ने भएको छ। समपूरक अनुदानतर्फ प्रदेशलाई चार अर्ब ६० करोड र स्थानीय तहलाई आठ अर्ब ९३ करोड रुपैयाँ हस्तान्तरण गरिने बजेटमा उल्लेख छ। यसैगरी विशेष अनुदान प्रदेशलाई तीन अर्ब ८२ करोड र स्थानीय तहलाई नौ अर्ब ४० करोड रुपैयाँ छुट्ट्याइएको छ। ससर्त अनुदानतर्फको बजेट प्रदेशमा ३९ अर्ब ७२ करोड रुपैयाँ र स्थानीय तहमा २०६ अर्ब आठ करोड रुपैयाँ कार्यान्वयनका लागि पठाइने बजेटमा उल्लेख गरिएको छ।

क्रमशः पृष्ठ २ मा

### तथ्यांकमा बजेट

**आर्थिक वर्ष २०८३/८४**

**कूल बजेट : २१ खर्ब २४ अर्ब ३४ करोड**

चालु आर्थिक वर्षको संशोधित बजेटको तुलनामा २५.२ प्रतिशतले बढी

**कुन क्षेत्रलाई कति बजेट ?**

| चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था |
|---|---|---|
| १२ खर्ब ७० अर्ब ५८ करोड | ४ खर्ब ३१ अर्ब १० करोड | ४ खर्ब ३१ अर्ब १० करोड |

**बजेटको लक्ष्य**

आर्थिक वृद्धि ७ प्रतिशत | मुद्रास्फीति ६ प्रतिशत

**बजेटको स्रोत**

| राजस्व | वैदेशिक अनुदान | वैदेशिक ऋण | आन्तरिक ऋण |
|---|---|---|---|
| १४ खर्ब ५ अर्ब ३१ करोड | ६१ अर्ब ७४ करोड | २ खर्ब ४७ अर्ब २८ करोड | ४ खर्ब १० अर्ब |

| | प्रदेश | स्थानीय तह |
|---|---|---|
| वित्तीय हस्तान्तरण | ६१ अर्ब ५० करोड | ९० अर्ब २० करोड |
| समपूरक अनुदान | ४ अर्ब ६० करोड | ८ अर्ब ९३ करोड |
| विशेष अनुदान | ३ अर्ब ८२ करोड | ९ अर्ब ४० करोड |
| ससर्त अनुदान | ३९ अर्ब ७२ करोड | २ खर्ब ६ अर्ब ८ करोड |

## 'स्वर्णिम' बजेटका दर्जन विशेषता

### स्युचाटारमा 'सर्वभौम एआई कम्प्युट सेन्टर'

सरकारले काठमाडौंको स्यूचाटारमा एआई कम्प्यूट सेन्टर स्थापना गर्ने भएको छ। आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यस्तो जानकारी गराएका हुन्। उनका अनुसार, यो सेन्टर देशकै पहिलो सार्वभौम सेन्टर हुने छ। 'काठमाडौंको स्युचाटारमा देशकै पहिलो सार्वभौम एआई कम्प्युट सेन्टर स्थापना गर्नेछौं,' उनले भने, 'हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी एआई उद्यमी र स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युट क्षमता उपलब्ध गराउनेछौं।'

### विदेशीलाई अपार्टमेन्ट

विदेशी लगानीकर्ताका लागि अपार्टमेन्टको २५ प्रतिशत एकाइ दीर्घकालीन लिजमा दिन सकिने बजेटमा व्यवस्था गरेको छ। सरकारले नेपालमा बसी लगानी गर्न चाहने विदेशीले दीर्घाकालीनरुपमै आवास क्षेत्र लिजमा लिन सकिने व्यवस्था गर्ने भएको छ। यसका लागि मुलुकी देवानी संहिता २०७४ संशोधन गरिने अर्थमन्त्री वाग्लेले बताए। 'मुलुकी देवानी संहिता २०७४ मा संशोधन गरी नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, अन्तर ाष्ट्रिय संघसंस्था, बहुराष्ट्रिय कम्पनीका शाखा वा आवास क्षेत्रका भवनका लागि जम्मा एकाइका २५ प्रतिशतभन्दा नबढ्नेगरी आवास क्षेत्रका भवन वा सरकारले तोकेको स्थानमा अपार्टमेन्ट दीर्घकालीन लिजमा लिनसक्ने व्यवस्था गरेका छौं,' बजेट भाषणमा अर्थमन्त्री वाग्लेले भने।

घरजग्गा व्यवसायीले विदेशी लगानीकर्तालाई नेपालमा अपार्टमन्ट किन्न पाउनुपर्ने व्यवस्था गर्न माग गर्दै आएका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

आव २०८३/८४ को बजेटमा वैदेशिक रोजगार

# शून्य लागत कार्यान्वयनदेखि 'रिटर्नी माइग्रेन्ट' कार्यक्रमसम्म घोषणा

- श्रम मन्त्रालयको बजेट ६५ करोडले घटाइयो
- वैदेशिक रोजगारीमा जाँदा शून्य लागतलाई प्रोत्साहन गरिने
- सेवा शुल्क श्रमिकमैत्री बनाइने
- वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र दक्षताको सदुपयोग गर्न 'रिटर्नी माइग्रेन्ट' कार्यक्रम कार्यान्वयन गर्ने
- युवाहरूलाई सीपयुक्त बनाएरमात्र वैदेशिक रोजगारीमा पठाइने
- खुला विश्वविद्यालयमा अध्ययनका लागि प्रोत्साहन गरिने
- विप्रेषणलाई उपभोगबाट उत्पादनशील प्रयोजनमा रूपान्तरण गर्न 'विप्रेषण-लगानी मिलान कोष' सञ्चालन गरिने
- रेमिट्यान्स आप्रवाहको हरेक रिसिटमा लट्री कार्यक्रम सञ्चालन गरिने
- विदेशमा रहेकाको मदाधिकारको सुनिश्चित गरिने



■ ममता थापा

**काठमाडौं–** युवा, श्रम तथा रोजगार मन्त्रालयको बजेट कटौती हुने क्रमले यसपटक पनि निरन्तरता पाएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त सदनमा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा श्रम मन्त्रालयअर्न्गात तीन अर्ब ६३ करोड रुपैयाँ बजेट विनियोजन गरेका छन्। यो चालु आवको बजेटभन्दा ६५ करोड रुपैयाँ न्यून हो। चालु आव २०८२/८३ मा श्रम मन्त्रालयले चार अर्ब २८ करोड रुपैयाँ बजेट कार्यान्वयन गरिरहेको छ।

बजेटमार्फत अर्थमन्त्री वाग्लेले वैदेशिक रोजगारीमा पठाउँदा शून्य लागतलाई प्रोत्साहन गगर्ने घोषणा गरे। वैदेशिक रोजगार व्यवसायीले लामो समयदेखि यस प्रावधानको विरोध गर्दै आए पनि सरकारले भने यो प्रावधानलाई कडाइका साथ कार्यान्वयनमा लैजाने देखिएको छ। 'वैदेशिक रोजगारीमा जाँदा शून्य लागतलाई प्रोत्साहन गर्दै सेवा शुल्कलाई श्रमिकमैत्री बनाउनेछौं,' अर्थमन्त्री वाग्लेले भने।

क्रमशः पृष्ठ २ मा

# संघको निर्वाचन तालिका सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन कार्यतालिका सार्वजनिक भएको छ। यही जेठ २४ गतेका लागि तोकिएको निर्वाचनका लागि निर्वाचन समितिले शुक्रबार तालिका सार्वजनिक गरेको हो।

प्रमुख निर्वाचन अधिकृत टंकबहादुर राउतले विशेष अवस्था सिर्जना भए तालिकामा हेरफेर हुन सक्ने बताए। जेठ २४ गते विशेष साधारणसभापछि मतदान हुने तालिका सार्वजनिक गरिएको छ। सोही दिन मतगणना गरेर अन्तिम मतपरिणाम सार्वजनिक गरिने कार्यतालिकामा छ।

उक्त चुनावका लागि जेठ २२ गते बिहान मतदाता नामावली प्रकाशन हुने, सोही दिन नामावलीउपर दाबी विरोधमाथि छानबिन गरी अन्तिम नामावली प्रकाशन गरिने भनिएको छ। उम्मेदवारी दर्ता, पहिलो नामावली प्रकाशन, उम्मेदवारउपर दाबी विरोध तथा उम्मेदवारी फिर्ता लिने तथा उजुरी उपर छानबिन गरी निर्णय गर्न जेठ २३ गतेको समय तोकिएको छ। साथै, अन्तिम नामावली पनि सोही दिन प्रकाशन गरिने जनाइएको छ।

जिल्ला प्रशासन कार्यालयले बुधबार संघलाई पठाएको पत्रमा बहुमत पदाधिकारीले राजीनामा दिइसकेका कारण विधान र प्रचलित कानुनबमोजिम काम कारबाही गर्न भनेसँगै चुनावको बाटो खुलेको हो। संघको विधानमा कार्यसमितिका दुईतिहाइ पदाधिकारीले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने र सल्लाहकारहरूको रोहवरमा बनेको प्रबन्ध समितिले निर्वाचन सम्पन्न गराउने प्रावधान छ।

# बजेटबाट निजी क्षेत्र उत्साहित, पूर्वअर्थमन्त्रीहरुद्वारा आलोचना




निजी क्षेत्रलाई सहुलियत दिन्छौं भन्ने कुराले उत्साही हुने देखिन्छ। तर, खर्च गर्न सक्ने र यति जुटाउँछौ भन्ने कुरा विश्वसनीय देखिन्न।

■ डा. प्रकाशशरण महत
पूर्वअर्थमन्त्री



स्वयं अर्थमन्त्रीले धेरै पटक, धेरै बजेटमा यो अलि लोकप्रिय, कनिका छर्ने खालको भन्नुहुन्थ्यो। अहिले उहाँकै बजेट वितरणमुखी देखियो।

■ वर्षमान पुन
पूर्वअर्थमन्त्री



समग्र बजेट हेर्दा सरकारले सबैलाई सम्बोधन गर्न खोजेको देखिन्छ। हामीले करका दर धेरै भयो भनेर भन्दै आएका थियौं। त्यो सम्बोधन गरेको छ। कार्यान्वयन कस्तो हुन्छ त्यसमा भर पर्छ।

■ अञ्जन श्रेष्ठ
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेट खर्च गर्न नसकिने किसिमको भन्दै पूर्वअर्थमन्त्रीहरूले आलोचना गरेका छन्। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महत र वर्षमान पुनले बजेटमा खर्च गर्ने आधार नभेटिएको बताएका हुन्। निजी क्षेत्र भने बजेटबाट उत्साहित देखिन्छ। विभिन्न क्षेत्रमा कर घटेसँगै निजी क्षेत्र उत्साही भएको देखिन्छ। यद्यपि कार्यान्वयनलाई पर्खनुपर्ने उनीहरूको धारणा छ।

पूर्वअर्थमन्त्री डा. महतले बजेट २१ खर्ब २४ अर्ब रुपैयाँ पुऱ्याउन सम्भव नै नभएको तर्क गरे। अर्थमन्त्री वाग्लेको बजेट भाषणपछि उनले भने, '१४ खर्बभन्दा बढी राजस्व जुटाउने भनेको छ। बाँकी आन्तरिक र बाहृय ऋणबाट पुऱ्याउने भनेको छ। खर्चको सवालमा खर्च गर्ने क्षमता बढाए पनि सम्भव छैन। आम्दानी जुटाउँदा पनि खर्च गर्न सम्भव छैन।'

ऋण धेरै लिने कुरा जोखिमयुक्त हुने उनले बताए। यो बजेटले अब मूल्यवृद्धिमा प्रभाव पार्ने पूर्वअर्थमन्त्री महतले बताए। 'निजी क्षेत्रलाई सहुलियत दिन्छौं भन्ने कुराले उत्साही हुने देखिन्छ। तर, खर्च गर्न सक्ने र यति जुटाउँछौ भन्ने कुरा विश्वसनीय देखिन्न,' उनले भने।

अर्का पूर्वअर्थमन्त्री पुनले योजना आयोगले तोकेको सिलिङभन्दा बढाएर बजेट आउनु अस्वाभाविक भएको बताए। 'योजना आयोगको सिलिङ २० खर्ब वरिपरि थियो। त्यसमा झण्डै डेढ खर्ब बढी बढाइएको छ। यसैले यो बजेटको आकार अस्वाभाविक रूपमा बढाइएको छ। यो वास्तविक होइन, अर्थमन्त्री स्वयंलाई पनि थाहा छ,' पुनले भने।

यो बजेट मुलुकको अर्थतन्त्रले धान्न नसक्ने उनको भनाइ छ। 'स्वयं अहिलेकै अर्थमन्त्रीले धेरै पटक, धेरै बजेटमा यो अलि लोकप्रिय, कनिका छर्ने खालको भन्नुहुन्थ्यो। अहिले उहाँकै बजेट वितरणमुखी देखियो,' पूर्वअर्थमन्त्री पुनको भनाइ छ। नेकपा एमालेका सांसद गुरु बरालले मध्यम वर्गको विस्तारको कुरा उठाइएको तर त्यसलाई व्यावसायीकरण गर्ने, त्यसलाई क्षमतालाई समृद्धि गर्ने र उनीहरूको उद्यमशीलता विकास गर्ने दिशातर्फ बजेटले ढोका खोल्न नसकेको बताए।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## २१ खर्ब...

### आर्थिक रूपान्तरण र संरचनात्मक सुधारमा केन्द्रित

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटमा आर्थिक रूपान्तरण, संरचनात्मक सुधार र निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापनालाई केन्द्रमा राखिएको बताए । उनले प्रस्तुत बजेटलाई राज्य सञ्चालनको नयाँ सोच र संकल्पको दस्तावेजका रूपमा चित्रित गर्दै यसले आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र र नागरिकसँग गरिएको राजनीतिक प्रतिबद्धताको कार्यान्वयनको सुरुआती बिन्दु तय गरेको दाबी गरे । यो बजेटले सुशासन, उत्पादनशील रोजगारी, मध्यम वर्गको विस्तार, प्रतिस्पर्धी अर्थतन्त्र र सम्मानजनक जीवनयापनको आधार निर्माणलाई प्राथमिकता दिएको अर्थमन्त्रीले बताए ।

सरकारले राज्यको भूमिकालाई परम्परागत नियन्त्रक र नियामक सीमाभन्दा बाहिर लैजाँदै अवसर सिर्जना गर्ने संस्थाका रूपमा पुनःपरिभाषित गर्ने प्रयास गरेको बजेटमार्फत जनाएको छ । अर्थमन्त्री वाग्लेले ऊर्जा, कृषि, वन, उद्योग, पर्यटन, सूचना प्रविधि र मानव पुँजीलाई आगामी दशकको आर्थिक समृद्धिका प्रमुख सम्भावनायुक्त क्षेत्रका रूपमा बजेटमा समाहित गर्दै यी क्षेत्रमा संरचनात्मक सुधारको नयाँ चरण सुरु गर्ने लक्ष्य लिइएको सदनलाई बताए । त्यसैगरी, निजी क्षेत्रलाई आर्थिक गतिविधिको प्रमुख साझेदारका रूपमा प्रस्तुत गर्दै लगानीमैत्री वातावरण निर्माण, उद्यमशीलता प्रवर्द्धन र नवप्रवर्तनमा आधारित आर्थिक चक्र सुरु गर्ने आधार तयार गरिएको बजेट वक्तव्यमा उल्लेख छ ।

अर्थमन्त्री वाग्लेले सार्वजनिक सेवा प्रवाह प्रणालीलाई प्रविधिमैत्री, जवाफदेही र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै राजकाजमा स्थिति बसाल्ने र प्रशासनिक संयन्त्रलाई उत्तरदायी बनाइने बताए । राजस्व व्यवस्थापनतर्फ सरकारले कर प्रणालीलाई सरल, न्यायोचित र उत्पादनमुखी बनाइएको जनाएको छ । यससँगै सार्वजनिक खर्चमा मितव्ययिता अपनाउँदै परिणाममुखी खर्च प्रणाली विकास गर्ने नीति बजेटमा समेटिएको छ ।

### कर्मचारीको तलब २१ प्रतिशतले बढ्यो

अर्थमन्त्री वाग्लेले आगामी आवमा राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि गर्ने घोषणा गरेका छन् । उनले हाल खाइपाइ आएको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि भई ग्रेडसहित न्यूनतम पारिश्रमिक ४० हजार रुपैयाँदेखि एक लाख रुपैयाँभन्दा माथि कायम हुनेगरी तलब वृद्धि गरेको बताए ।

'कर्मचारीले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरेको छु, कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुआत गर्न नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्तासहित समग्रमा २१ प्रतिशतले वृद्धि हुने व्यवस्था गरेको छु,' उनले भने ।

पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको, यस अवधिमा उपभोक्ता मूल्यवृद्धि सूचकांकमा आधारित मूल्यवृद्धि १७.३ प्रतिशत भएको र मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनर्स्थापना गर्नुपर्ने महसुस गरी तलब वृद्धि गरेको मन्त्री वाग्लेको भनाइ छ ।

### कर क्षेत्रमा व्यापक सुधारको घोषणा

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत राजस्वका क्षेत्रमा विभिन्न सुधारका योजना तथा कार्यक्रम अघि सारेको छ । अर्थमन्त्री वाग्लेले कर प्रणाली, राजस्व प्रशासन, भन्सार सुधार, लगानी प्रोत्साहन तथा 'डिजिटल' अर्थतन्त्र विस्तारलाई केन्द्रमा राखेर व्यापक नीतिगत परिवर्तनको घोषणा गरे ।

व्यवसायमैत्री कर नीति, सरल र स्पष्ट कर कानुन, स्वेच्छिक कर सहभागिता तथा प्रविधिमैत्री कर प्रशासनमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्यसहित प्रस्तुत बजेटले परम्परागत राजस्व संरचनामा उल्लेखनीय पुनर्संरचना गर्ने देखिएको छ ।

अर्थमन्त्री वाग्लेले सम्पूर्ण आर्थिक कारोबारलाई डिजिटल माध्यममा जोडेर औपचारिक अर्थतन्त्र विस्तार गर्ने नीति लिइएको बताए । स्वचालित, प्रविधिमैत्री, सदाचारयुक्त र उत्प्रेरित कर प्रशासन विकास गरी स्वेच्छिक कर सहभागिताबाट राजस्व वृद्धि गगर्ने लक्ष्य बजेटमा राखिएको छ । लागत परिपूरण तथा तिर्नसक्ने क्षमताका आधारमा गैरकर राजस्व परिचालन गरिने नीति पनि बजेटले अघि सारेको छ ।

सूचना प्रविधि क्षेत्रलाई 'राष्ट्रको नयाँ आर्थिक इञ्जिन' का रूपमा स्थापित गर्ने घोषणा गर्दै सरकारले सूचना प्रविधि सेवाको निर्यातबाट आर्जित आम्दानीमा ५० प्रतिशत कर छुट दिने व्यवस्था गरेको छ ।

यसैगरी, बजेट वक्तव्यमा सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिले प्राप्त गर्ने 'स्वेट इक्विटी' रकमलाई करयोग्य आय गणनाबाट सतप्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यसलाई 'स्टार्टअप', नवप्रवर्तन र प्रविधिमा आधारित उद्यमलाई आकर्षित गर्ने प्रयासका रूपमा हेरिएको छ । स्वदेशी उत्पादन प्रवर्द्धनका लागि नेपालभित्र उत्पादन हुने केही वस्तुमा 'डोमेस्टिक प्रडक्ट प्रमोसन फी' लगाउने घोषणा गरिएको छ । नाफा कमाउने उद्देश्य नराखी स्थापना भएका मित्रराष्ट्रका पूर्णस्वामित्वका विकास वित्त संस्थाले नेपालमा ऋण लगानी गरी आर्जन गरेको ब्याजमा आयकर नलाग्ने व्यवस्था गरिएको छ । महानगरपालिका र उपमहानगरपालिका बाहिर नयाँ चलचित्र हल स्थापना गर्नेलाई पहिलो १० वर्षसम्म पूर्ण आयकर छुट दिने नीति ल्याइएको छ ।

दक्षिण एसियाली व्यापार सम्झौता (साफ्टा)अन्तर्गत रहेको संवेदनशील सूची पुनरावलोकन गरिने घोषणा गर्दै सरकारले व्यापार नीतिमा पनि परिवर्तन संकेत गरेको छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित गर्न दुर्गम क्षेत्रमा पूर्वाधार निर्माण र सेवा विस्तारमा सहयोग पुग्नेगरी निजी क्षेत्रबाट सञ्चालित शिक्षा तथा स्वास्थ्य सेवामा न्यूनतम दरको समता शुल्क लगाइने भएको छ ।

ऊर्जा क्षेत्रमा अन्तिम उपभोक्तालाई बिक्री गरिने मासिक ५० युनिटभन्दा बढी विद्युत् खपतमा सहुलियत दरमा मूल्य अभिवृद्धि कर लगाइने व्यवस्था गरिएको छ । विद्युतीय सवारीसाधनमा हाल 'पिक पावर' क्षमताका आधारमा लाग्दै आएको भन्सार महसुल अब मूल्यगत आधारमा निर्धारण हुने छ । साथै, विद्युतीय सवारीको स्वदेशी उत्पादन, 'चार्जिङ स्टेसन' निर्माण तथा 'ब्याट्री' व्यवस्थापनका लागि 'स्वच्छ पूर्वाधार लगानी शुल्क' अर्थात् 'क्लिन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट फी' लगाइने भएको छ ।

मदिरा उद्योगतर्फ नेपाली 'ब्राण्ड'का मदिराको निर्यात प्रवर्द्धन गर्न 'गुड स्पिरिट' उत्पादन र 'मेचुरेसन' प्रक्रियालाई प्रोत्साहन गरिने छ । आगामी आवदेखि 'माइक्रो ब्रुअरी'लाई मदिरा उद्योगका रूपमा दर्ता गरी अन्तःशुल्कको दायरामा ल्याइने बजेट वक्तव्यमा उल्लेख छ । सुर्तीजन्य वस्तुमा करिब १० प्रतिशतसम्म कर वृद्धि गरिएको छ भने मदिरा तथा 'बियर'मा लाग्ने अन्तःशुल्क बढाइएको छ ।

राजस्व प्रशासन सुधारतर्फ सरकारले ठूलो संरचनात्मक परिवर्तनको घोषणा गरेको छ । राजस्व अनुसन्धान विभाग खारेज गरी त्यसले गर्दै आएका काम विषयगत निकायमार्फत सञ्चालन गरिने जनाइएको छ । वार्षिक १० करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने र विद्युतीय बीजक जारी गर्ने सबै व्यवसायलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा अनिवार्य आबद्ध गरिने जनाइएको छ । साना व्यवसायीलाई डिजिटल माध्यमबाट भुक्तानी लिन प्रोत्साहित गरिने भएको छ ।

बजेटमा उल्लेख भएअनुसार कर परीक्षण अवधि तीन वर्ष कायम गरिएको छ भने जोखिममा आधारित कर अनुसन्धान तथा परीक्षणका लागि कृत्रिम बौद्धिकतासहितको 'ई-असेसमेन्ट' प्रणाली विकास गरिने छ । डिजिटल अन्तःशुल्क टिकट सुरु गरिने र अन्तःशुल्क चुहावट रोक्न विद्युतीय 'ट्र्याक एण्ड ट्रेस' प्रणाली लागू गरिने भएको छ ।

भौतिक नियन्त्रणमा आधारित अन्तःशुल्क प्रशासनलाई क्रमशः स्वयं निष्काशन प्रणालीमा रूपान्तरण गर्ने नीति सरकारले बजेटमार्फत लिएको छ । 'पेपरलेस, फेसलेस र कन्टयाक्टलेस' राजस्व प्रशासन निर्माण गर्ने घोषणा गर्दै अर्थमन्त्री वाग्लेले कर विवरण बुझाउने, भुक्तानी गर्ने, फिर्ता लिनेलगायत सेवा पूर्णतः स्वचालित बनाइने बताए । कर्मचारीको मनोबल बढाई राजस्व परिचालन सुधार गर्न कार्यसम्पादन सूचकका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।

स्थानीय तहमा देखिएको बहुकर प्रणाली नियन्त्रण गर्न एक स्थानबाट अर्को स्थानमा वस्तु ढुवानी गर्दा विभिन्न स्थानीय तहले लगाउने निकासी शुल्क, कौडी करलगायत बहुकर अब लिन नपाइने व्यवस्था बजेटमा गरिएको छ । प्रदेश र स्थानीय तहको कर तिर्दा स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गरिने भएको छ ।

व्यापार सहजीकरणका लागि 'अथोराइज्ड बिजनेस पर्सन' अवधारणा ल्याउने सरकारले बजेटमार्फत घोषणा गरेको छ । यसअन्तर्गत योग्य व्यवसायीले भन्सारमा 'ब्लु लेन'मार्फत छिटो जाँचपास सुविधा पाउने छन् । कारोबार मूल्यमा आधारित 'अनलाइन' भन्सार जाँचपास प्रणालीलाई पारदर्शी र यथार्थपरक बनाइने छ भने भन्सार जाँचपछिको परीक्षण कार्यालय पुनःसंरचना गरिने भएको छ ।

पर्यटन सहजीकरणतर्फ स्थलमार्गबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई सबै मूल भन्सार कार्यालयबाट सवारीसाधनको अस्थायी पैठारी घोषणा र शुल्क भुक्तानी अनलाइनमार्फत गर्न सकिने व्यवस्था बजेटमा गरिएको छ। वैवाहिक पर्यटन प्रवर्द्धनका लागि विवाह प्रयोजनमा ल्याइने सामानको धरौटी प्रणालीलाई स्वचालित बनाइने तथा पर्यटकलाई कानुनबमोजिम तोकिएको सीमाभित्र विदेशी मुद्रा ल्याउन सहज व्यवस्था गरिने जनाइएको छ ।

सीमाक्षेत्रमा हुने चोरीपैठारी नियन्त्रणका लागि प्रविधिमैत्री निगरानी र संयुक्त बजार अनुगमन गरिने तथा अन्तरदेशीय भन्सार प्रशासनसँग वस्तु नेपाल आइपुग्नुअघि नै सूचना आदानप्रदान गर्ने व्यवस्था विस्तार गरिने बजेटमा उल्लेख छ । कर छुट तथा सहुलियततर्फ कृत्रिम हातखुट्टा र अपांगता सहयोगी सामग्री उत्पादन गर्ने उद्योगले आयात गर्ने कच्चापदार्थमा भन्सार महसुल छुट दिइएको छ । आवासीय भवन बिमामा अधिकतम १० हजार रुपैयाँसम्म आयकर प्रयोजनका लागि कट्टी गर्न पाइने व्यवस्था गरिएको छ । विकास निर्माणका लागि जग्गा अधिग्रहण गर्दा सरकारी मूल्यांकनसम्मको रकममा पुँजीगत लाभकर नलाग्ने नीति ल्याइएको छ ।

कृषि प्रशोधन उद्योगलाई पहिलो १० वर्ष पूर्ण आयकर छुट दिइने भएको छ भने 'कोल्ड स्टोरेज', 'प्याकेजिङ तथा टेस्टिङ ल्याब्सका मेसिनरी' उपकरण आयातमा मूल्य अभिवृद्धि कर छुट प्रदान गरिने भएको छ । नियमित रूपमा कर तिर्ने करदातालाई सम्मान, सहजीकरण र सरल कार्यप्रणालीमार्फत पुरस्कृत गर्ने नीति पनि बजेट वक्तव्यमा उल्लेख छ ।

■ ■ ■

## 'स्वर्णिम' बजेटका...

### विदेशी क्याम्पस चलाउन प्रोत्साहन

सरकारले अन्तर्राष्ट्रियस्तरका उच्च श्रेणीमा रहेका विश्वविद्यालयलाई नेपालमा क्याम्पस सञ्चालन गर्न प्रोत्साहन गर्ने भएको छ । नेपालमा यस्ता विश्वविद्यालयको क्याम्पस सञ्चालन गर्न नीतिगत व्यवस्था गरिने बजेटमा उल्लेख छ । 'अन्तर्राष्ट्रियस्तरका उच्च श्रेणीमा रहेका विश्वविद्यालयलाई नेपालमा क्याम्पस सञ्चालन गर्न नीतिगत व्यवस्था र प्रोत्साहन गर्नेछौं,' अर्थमन्त्री वाग्लेले भने ।

सरकारले सामुदायिक विद्यालयको पूर्वाधार आवश्यक नक्सांकन गर्न एक अर्ब छुट्याएको छ । त्यसैगरी विद्यालय तहदेखि उच्च तहसम्मका छात्रवृत्तिका लागि आठ अर्ब ६० करोड रुपैयाँ छुट्याएको छ ।

### राजनीतिक दललाई अनुदान

सरकारले राजनीतिक प्रणालीमा पारदर्शिता र उत्तरदायित्वको बलियो आधार निर्माण गर्न सरकारी अनुदान दिने योजना बनाएको छ । अर्थमन्त्री वाग्लेले स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धालाई संस्थागत गर्न सो बारेमा राजनीतिक बहस गराइने बजेट भाषणमा उल्लेख गरे ।

उनले राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरूलाई पछिल्लो आमनिर्वाचनमा प्राप्त मतको आधारमा सरकारी अनुदान दिनेबारे बृहत् राजनीतिक बहस गराइने र यसरी उपलब्ध हुनसक्ने अनुदानको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने व्यवस्था मिलाइने बताए ।

### मन्त्रालयगत बजेट

| मन्त्रालय | बजेट |
|---|---|
| अर्थ | ८४ अर्ब ७३ करोड |
| उद्योग, वाणिज्य तथा आपूर्ति | ९ अर्ब ३४ करोड |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ | १ खर्ब १४ अर्ब २ करोड |
| कानुन, न्याय तथा संसदीय मामिला | ५८ करोड ३९ लाख |
| कृषि, वन तथा पर्यावरण | ७३ अर्ब १२ करोड |
| गृह | १ खर्ब ८ अर्ब ३२ करोड |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १० अर्ब ५३ करोड |
| परराष्ट | ८ अर्ब ७३ करोड |
| विज्ञान, प्रविधि तथा नवप्रवर्तन | ४ अर्ब |
| पूर्वाधार विकास | ३ खर्ब २ अर्ब ८३ करोड |
| महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा | १ खर्ब २२ अर्ब ६१ करोड |
| रक्षा | ६४ अर्ब ९६ करोड |
| शिक्षा तथा खेलकुद | २ खर्ब १८ अर्ब ३० करोड |
| सूचना तथा सञ्चार | ५ अर्ब ९३ करोड |
| भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन | १४ अर्ब ९४ करोड |
| स्वास्थ्य तथा खाद्य स्वचछता | ९६ अर्ब ४३ करोड |
| युवा, श्रम तथा रोजगार | ३ अर्ब ६२ करोड |

### टेलिकमको ४४ प्रतिशत सेयर सर्वसाधारणलाई

नेपाल टेलिकमको सेयर सर्वसाधारणमा बिक्री गरिने भएको छ। ६६ प्रतिशत सेयर सरकारले राखेर बाँकी सेयर पुस मसान्तभित्र बिक्री गरिने अर्थमन्त्री वाग्लेले बताए । सेयर बिक्रीबाट प्राप्त रकम नेपाललाई 'टेक हब' बनाउन उपयोग गर्ने पनि उनले बताएका छन् ।

### विद्युत् प्राधिकरण विभाजन, बिजुलीको मूल्यवृद्धि

अर्थमन्त्री वाग्लेले नेपाल विद्युत् प्राधिकरणको पुर्नसंरचना आगामी वर्षमा सम्पन्न गर्ने बताए । उनका अनुसार प्राधिकरणलाई विद्युत् उत्पादन, प्रसारण र वितरण तथा व्यापारका तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गरिने भएको छ। यसैगरी बिजुलीको बिल पनि बढाइदिएको छ। अबदेखि ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्नेले १३ प्रतिशत मूल्य अभिवृद्धि कर तिर्नुपर्ने व्यवस्था बजेटमा गरिएको छ ।

### १० लाखसम्म तलबलाई एक प्रतिशत कर

सरकारले आगामी आर्थिक वर्षदेखि व्यक्तिगत आयमा लाग्ने करको सीमा बढाएको छ । चालु आवमा छ लाख रुपैयाँ रहेको यस्तो सीमा बढाएर १० लाख रुपैयाँ पुर्‍याएको छ । अब आगामी आवबाट १० लाख रुपैयाँसम्मको व्यक्तिगत आम्दानीमा आयकर नलाग्ने घोषणा अर्थमन्त्री वाग्लेले बजेट भाषणमार्फत गरेका हुन् । सरकारले सोही अनुसार आयकर ऐन पनि संशोधन गर्न आर्थिक विधेयक २०८२ तयार गरेको छ ।

आर्थिक विधेयकअनुसार १० लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भए एक प्रतिशत कर लाग्ने छ । तर, एकलौटी फर्म दर्ता भएका करदाताका हकमा, निवृत्तभरण बापत आय निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्डबमोजिमको कर लाग्ने छैन ।

विधेयकअनुसार १० लाख रुपैयाँभन्दा बढी तर १५ लाखसम्म करयोग्य आय भए १० लाखसम्म १० हजार रुपैयाँ र १० लाखभन्दा बढी करयोग्य आयमा १० प्रतिशत आयकर लाग्ने छ ।

त्यस्तै १५ लाख रुपैयाँभन्दा बढी तर २५ लाखसम्म करयोग्य आय भए १५ लाखसम्म ६० हजार र १५ लाखभन्दा बढी करयोग्य आयमा २० प्रतिशत आयकर लाग्ने व्यवस्था आगामी आर्थिक वर्षको बजेटले गरेको छ । यस्तै २५ लाख रुपैयाँभन्दा बढी करयोग्य आय भए २५ लाखसम्म दुई लाख ६० हजार र २५ लाखभन्दा बढी करयोग्य आयमा २७ प्रतिशत र ४० लाख रुपैयाँभन्दा बढी करयोग्य आय भए बढी भएजति करयोग्य आयमा थप दुई प्रतिशत बिन्दुले अतिरिक्त कर लाग्ने व्यवस्था आगामी आवको बजेटले गरेको छ ।

हाल आयकर ऐन २०५८ मार्फत एकल व्यक्तिका हकमा पहिलो पाँच लाख रुपैयाँसम्म र दम्पतीका हकमा पहिलो छ लाख रुपैयाँसम्मको वार्षिक आयमा एक प्रतिशत सामाजिक सुरक्षा करमात्र लिने व्यवस्था छ ।

### हट्यो सुनको विलासिता कर

सरकारले सुन र सुनका गरगहनामा लगाएको विलासिता शुल्क हटाएको छ। चालु आर्थिक वर्षमा आर्थिक विधेयक २०८२ मार्फत सुन र सुनका गरगहनामा दुई प्रतिशत विलासिता शुल्क लगाउने व्यवस्था गरेको थियो । उक्त व्यवस्थाविरुद्ध व्यवसायीले आन्दोलन गरेका थिए । सरकारले व्यवसायीसँग छलफल गरी विलासिता शुल्क असुल नगर्ने सहमति गर्दै २०८२ भदौमा मन्त्रिपरिषद्बाट निर्णय गरेर सुन तथा सुनका गरगहनामा लगाएको विलासिता शुल्क हटाउने घोषणा बजेटमार्फत गरेको छ ।

### शिक्षा र स्वास्थ्य महँगिने

सरकारले आधारभूत शिक्षादेखि स्वास्थ्यसम्म महँगो बनाएको छ । बजेटमार्फत निजी क्षेत्रका विद्यालयमा पढ्ने विद्यार्थीदेखि निजी क्षेत्रका अस्पतालहरूमा गरिने उपचारसम्मलाई महँगो बनाइएको छ ।

आय करको सीमा बढाएर सुविधा दिने घोषणा गरेका अर्थमन्त्री वाग्लेले स्वास्थ्य र शिक्षामा कर लगाएका छन् । निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशतका दरले शिक्षा समता शुल्क लगाएको छ ।

निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा सञ्चालन गर्ने व्यक्तिले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा तीन प्रतिशतका दरले स्वास्थ्य समता शुल्क लगाएको छ। नर्सिङ कर्मचारीको रात्रिकालीन ड्युटी भत्ता दोब्बर बनाइएको छ ।

### बढ्यो कर्मचारीको तलब

बजेटले सरकारी कर्मचारीको तलब बढाएको छ । सुरु स्केलमा १० प्रतिशत र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता १० प्रतिशतसहित गरेर कूल २१ प्रतिशतले बढाइएको हो । पछिल्लो चार वर्षदेखि कर्मचारीको तलब वृद्धि नभएको, यस अवधिमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मूल्यवृद्धि १७.३ प्रतिशत भएको र मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनरावलोकन गर्नुपरेको अर्थमन्त्री वाग्लेले बताए ।

कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरूआत गर्न नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको पनि बताएका छन् । यसबाट हाल खाइपाइ आएको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि भई ग्रेडसहित न्यूनतम पारिश्रमिक करिब ४० हजार देखि एक लाख रुपैयाँभन्दा माथि कायम भएको छ । नयाँ तलब स्केल आगामी साउन १ गतेदेखि लागू हुने छ ।

### मदिरा र चुरोटमा कर वृद्धि

सरकारले चुरोटमा अन्तःशुल्क १० प्रतिशतसम्म बढाएको छ। त्यस्तै, मदिरा तथा बियरमा लाग्ने अन्तःशुल्क पनि वृद्धि गरिएको सरकारले जनाएको छ । बजेटमार्फत सरकारले माइक्रो ब्रुअरीलाई समेत मदिरा उद्योगका रूपमा दर्ता गरेर अन्तःशुल्कको दायरामा ल्याउने घोषणा गरेको छ । सरकारको यो निर्णयले मदिराजन्य वस्तु उत्पादन तथा बिक्रीलाई थप नियमन गर्ने अपेक्षा गरिएको छ ।

३१ वटा सरकारी निकाय खारेज

सरकारले बजेटमार्फत विभिन्न ३१ निकाय खारेज गरेको छ । यस्तै छ निकाय मर्जर, छ निकाय हस्तान्तरण तथा १८ निकायको पुनर्संरचना गरिने अर्थमन्त्री वाग्लेले बताए । प्रशासनिक सुधारबाट करिब २० अर्ब बचत हुने प्रारम्भिक अनुमान सरकारले गरेको छ ।

■ ■ ■

## शून्य लागत...

रिभर्स प्रवासनलाई प्रोत्साहन गर्दै विप्रेषणलाई उपभोगबाट उत्पादनशील प्रयोजनमा रुपान्तरण गर्न 'विप्रेषण-लगानी मिलान कोष' सञ्चालन गरिने, वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र दक्षताको सदुपयोग गर्न 'रिटर्नी माइग्रेन्ट' कार्यक्रम कार्यान्वयन गर्ने अर्थमन्त्रीले घोषणा गरे ।

त्यसैगरी, वैदेशिक रोजगारीलाई थप सुरक्षित एवं मर्यादित बनाउन श्रम सम्झौताको पुनरावलोकन तथा नयाँ गन्तव्य मुलुकसँग थप सम्झौता गरिने अर्थमन्त्री वाग्लेले बताए । युवाहरूलाई सीपयुक्त बनाएरमात्र वैदेशिक रोजगारीमा पठाइने बजेटमा भनिएको छ । 'युवाहरूलाई विभिन्न छोटो अवधिका र कार्यस्थलमा आधारित कार्यक्रम सञ्चालन गरी सीपयुक्त बनाइने छ,' बजेट भाषणाका क्रममा अर्थमन्त्री वाग्लेले भने, 'सीप सिकेरमात्र वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाइनेछ ।'

सरकारले विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार तथा मृत्यु भएका श्रमिकको शव सहजरुपमा स्वदेश ल्याउन आवश्यक बजेट विनियोजन गर्ने भएको छ । विनाधितो ऋण र किस्ताबन्दीमा रोजगारदाताबाट भुक्तानीको व्यवस्था गरी वैदेशिक रोजगारीलाई मर्यादित, पारदर्शी र स्वचालित बनाउने बजेट वक्तव्यमा भनिएको छ ।

यसैगरी, विदेशमा रहेकाहरूको मताधिकारको सुनिश्चितता गरिने, वैदेशिक रोजगारीमा रहेकाहरूलाई खुला विश्वविद्यालयमा अध्ययनका लागि प्रोत्साहन गरिने, वैधानिक माध्यमबाट विप्रेषण पठाउन प्रोत्साहित गर्ने उद्देश्यका साथ हरेकपटक रेमिटचान्स पठाउँदा 'लट्टी' कार्यक्रम सञ्चालन गरिनेलगायत विषय पनि बजेटमा समेटिएका छन् ।

■ ■ ■

## बजेटबाट निजी...

'नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रे लिस्टबाट हटाउने सैद्धान्तिक कुरा गरेको भएपनि ठोस आधार दिन सकेको छैन,' उनले भने

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले समग्र बजेट हेर्दा सरकारले सबैलाई सम्बोधन गर्न खोजेको देखिएको बताए । 'हामीले करका दर धेरै भयो भनेर भन्दै आएका थियौं । त्यो सम्बोधन गरेको छ । समग्र बजेट हेर्दा सरकारले सम्बोधन गर्न खोजेको जस्तो देखिन्छ । डिटेल्समा त अझै गएको छैन । कार्यान्वयन कस्तो हुन्छ त्यसमा भर पर्छ,' उनले भने ।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले भन्सार दर घटाउने विषयले उद्योग क्षेत्रमा सकारात्मक सन्देश दिएको बताए । अन्तःशुल्क घटाएको विषयले पनि उद्योगको लागत घटाउने उनको तर्क छ । यसले उद्योगीलाई राहत मिल्ने उनले बताए । 'समग्रमा बजेट सकारात्मक छ । हामीले भनेका धेरै कुरा समेटिएको छ । हाम्रो धेरैजसो माग बजेटले सम्बोधन गरेको छ,' उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चन्द्र ढकालले बजेट सकारात्मक आएको भन्दै स्वागत गरे । भन्सार दरका ११ वटा तहलाई घटाएर चार तहमा झार्नु र ३४० प्रकारका वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज हुनु निजी क्षेत्रका लागि ठूलो उपलब्धि भएको उनले बताए । यसैगरी २७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाइनुले स्वदेशी उद्योगहरूको उत्पादन लागत कम भई प्रतिस्पर्धात्मक क्षमता बढ्ने स्थिति बन्ने उनको तर्क छ ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले बजेटमा शब्द र प्रस्तुति निकै नयाँ र आकर्षक भएको बताए । नीतिगतरुपमा नयाँ प्रविधिमैत्री पुस्ता, निजी क्षेत्र, विदेशमा बस्ने नेपाली, कर्मचारी आदिलाई बढी आकर्षित गर्ने खालको रहेको उनको भनाइ छ । 'गहिराइमा गएर बजेटको समग्र संरचनात्मक ढाँचा (आय-व्ययको अनुपात, राजस्वको स्रोत, क्षेत्रगत विनियोजन, वित्तीय संघीयता आदि) हेर्दा निरन्तरतामा क्रमभंगता खासै दृष्टिगोचर हुन्न । त्यसैले यत्तिकैमा बजेट वक्तव्यमा भनिएजस्तो 'संरचनात्मक सुधारको नयाँ चरण' कसरी पूरा होला र ?,' उनले प्रश्न उठाए ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झाले बजेट महत्त्वाकांक्षी नै बनाएका बताए । 'अगाडि बढ्नका लागि महत्त्वाकांक्षी योजना थाल्नैपर्छ । सधैं सम्झौता गरेर चलायमान बनाएरमात्रै हुँदैन,' उनले भने ।

संघीयताविद् खिमलाल देवकोटाले वित्तीय हस्तान्तरणमा निराशाजनक देखिएको बताए । 'प्रदेश र स्थानीय तहको वित्तीय हस्तान्तरणको सवालमा बजेटले उत्साह दिएन । कूल बजेटसँगको अनुपातमा वित्तीय समानीकरण अनुदान वृद्धि हुनुपर्ने अन्तर्राष्ट्रिय अभ्यास र सिद्धान्त छ । त्यसको विपरीत बजेट आएको छ,' उनले भने ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०२/१६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ६५ को ६९७.८२ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनसेवा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-३, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/२/१६*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना वमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चाँप जातको गोलिया थान २४९ को ४८०५.२४ घनफिट काठ तथा साल जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**नमुना सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-६, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/२/१६*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना वमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ४७ को ६७०.४२ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून वमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सुन्दर हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ३, मकवानपुर**

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/१६**

यस सा।वा।उ।स। बाट आर्थिक वर्ष २०८२/०८३ संकलन भएको खयर गोलिया काठ जम्मा थान ११२ को परिमाण ६३०.६८ क्यूफिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा।वा।उ।सा।मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री समैजी सामूदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा.-४ कञ्चनुपर**

# शिक्षा क्षेत्र १० प्रतिशत बजेट, स्वास्थ्य सेवामा नीतिगत सुधार

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षका लागि शिक्षा क्षेत्रको बजेट बढाएको छ । शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पेस गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शिक्षा क्षेत्रका लागि दुई खर्ब १८ अर्ब ३० करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिए ।

यो रकम प्रस्तावित कूल बजेटको १०.२८ प्रतिशत देखिन्छ । चालु आर्थिक वर्षमा शिक्षा मन्त्रालयका लागि दुई खर्ब ११ अर्ब १७ करोड रुपैयाँ विनियोजन गरिएकामा अहिले शिक्षा क्षेत्रका लागिमात्रै सात खर्ब रुपैयाँ बजेट बढाइएको छ । चालु आर्थिक वर्षमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय कायम थियो भने हाल शिक्षा तथा खेलकुद मन्त्रालयमा परिवर्तन भएको छ । आगामी आर्थिक वर्षका लागि खेलकुद क्षेत्रको विकासका लागि चार अर्ब तीन करोड रुपैयाँ अलग्गै विनियोजन गरिएको छ ।

बजेटमा वैदेशिक रोजगारीमा रहेका युवालाई खुला विश्वविद्यालयअन्तर्गत अध्ययनको अवसर प्रदान गरिने भनिएको छ । हाल विश्वका विभिन्न मुलुकमा करिब १९ लाख नेपाली श्रमिक कार्यरत छन् । बजेटमा सरकारले गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि मुलुकभरका सामुदायिक विद्यालयको पूर्वाधार आवश्यकताको 'म्यापिङ' गर्न एक अर्ब रुपैयाँ विनियोजन गरिएको छ ।

सरकारले देशभरका सामुदायिक विद्यालयहरूको पूर्वाधार आवश्यकता पहिचान गर्न एक अर्ब रुपैयाँ विनियोजन गरेको जनाएको छ । सुदूरपश्चिम प्रदेशको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा शैक्षिक सत्र २०८३/८४ देखि एमबिबिएसलगायत चिकित्सा शिक्षाका चार कार्यक्रम सञ्चालन गरिने घोषणा गरिएको छ ।

विद्यालय तहदेखि उच्च शिक्षासम्म लक्षित छात्रवृत्ति कार्यक्रमका लागि आठ अर्ब ६० करोड रुपैयाँ छुट्याइएको छ । संगीत, कला तथा साहित्य अध्ययनलाई प्रवर्द्धन गर्ने नीतिअन्तर्गत त्रिपुरेश्वरस्थित महादेव मन्दिर परिसरमा गुठी रिसर्च इन्स्टिच्युट तथा एथ्नोम्युजिकोलोजी सेन्टर स्थापना गरिने जनाइएको छ ।

अर्थमन्त्री डा. वाग्लेले अन्तर्राष्ट्रियस्तरका विश्वविद्यालयलाई नेपालमा क्याम्पस सञ्चालन गर्न नीतिगत सहजीकरण गरिने तथा स्वदेशी र विदेशी प्राध्यापकबीच प्राज्ञिक आदानप्रदान कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गर्न कानुनी व्यवस्था गरिने पनि उनले बताए ।

बजेट वक्तव्यमा कक्षा ५ देखि ८ सम्मका विद्यार्थी तथा शिक्षक आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने तथा मानव विकास सूचकांकमा पछाडि परेका समुदायका लागि आवासीय विद्यालय सञ्चालन गर्ने योजना पनि समेटिएको छ । उक्त कार्यक्रम चितवनका चेपाङ समुदायबाट सुरु गरिने जनाइएको छ ।

सरकारले खेलकुदमा विशेष क्षमता भएका विद्यार्थीलाई विद्यालय तहदेखि छनोट गरी आवासीय सुविधासहित प्रशिक्षण दिने घोषणा गरेको छ । शिक्षामा अभिभावकीय सहयोग बढाउने, नवप्रवर्द्धन र सीप केन्द्रितमा लगानी बढाउने र विद्यालयमा सफा शौचालय अभियान सञ्चालन गर्ने, उच्च शिक्षासम्म लक्षित छात्रवृत्ति बढाउने, राष्ट्रिय योग्यता ढाँचा कार्यान्वयन गर्ने बजेटमा भनिएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, पाटनलाई विश्वविद्यालय बनाइने, बाल पोषणभत्ता दोब्बर वृद्धि गर्ने, अटिजम भएका बालबालिकाका लागि बेग्लै विद्यालय खोल्ने घोषणा गरिएको छ ।

### स्वास्थ्य सेवामा नीतिगत सुधार

बजेटमा स्वास्थ्य सेवामा नीतिगत फड्को मार्ने लक्ष्य राखिएको छ । अर्थमन्त्री वाग्लेले दक्ष स्वास्थ्य जनशक्ति, प्रयोगशाला, अत्यावश्यक औषधि, डिजिटल स्वास्थ्य प्रणाली तथा प्रभावकारी रेफरल सेवासहित आधारभूत संस्थालाई स्वास्थ्य सेवाको प्रथम बिन्दु बनाउने दीर्घकालीन लक्ष्य लिएको उल्लेख गरे ।

सरकारले निःशुल्क उपलब्ध गराउनेमध्ये कम्तीमा २५ प्रकारका औषधि उत्पादन गर्न नेपाल औषधि लिमिटेडलाई सक्षम बनाउने भएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अन्तरराष्ट्रियस्तरको विश्वविद्यालयका रूपमा विकास गरी विदेशी विद्यार्थीलाई शिक्षा प्रदान गर्न सक्षम बनाउने बजेटमा उल्लेख छ ।

अर्थमन्त्री वाग्लेले सार्वजनिक-सार्वजनिक साझेदारी मोडेलअन्तर्गत सातवटै प्रदेशका प्रमुख सरकारी अस्पताललाई चरणबद्ध रूपमा शिक्षण अस्पताल तथा विशिष्टीकृत स्वास्थ्य सेवा केन्द्रमा रूपान्तरण गरिने बताए । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषमा रहेको लगानीयोग्य स्रोतलाई स्वास्थ्य पूर्वाधार, मेडिकल शिक्षा र विशिष्टीकृत सेवा विस्तारमा परिचालन गरिने उनको भनाइ छ ।

### बालबालिकाको क्यान्सर रोगको निःशुल्क उपचार

सरकारले आगामी तीन वर्षमा ३३६ आधारभूत अस्पताल निर्माण सम्पन्न घोषणा गरेको छ । निर्माणाधीन ती अस्पताल सो अवधिमा सम्पन्न गर्ने अर्थमन्त्री वाग्लेले बताए । आधारभूत अस्पताल निर्माणका लागि सरकारले पाँच अर्ब ९० करोड रुपैयाँ विनियोजन गरेको उनले बताए ।

बजेट वक्तव्यमा मानव विकास सूचकांक कम भएका हरेक प्रदेशका एक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने र निर्माण सुरु नभएका अस्पतालका हकमा वैज्ञानिक नक्सांकन गरेरमात्र निर्माण गर्ने अर्थमन्त्री वाग्लेले बताए ।

संघीय विशिष्टीकृत अस्पतालमा जलन उपचार सेवा विस्तार गर्ने बजेटमा उल्लेख गरिएको छ । जलनको सघन उपचारका लागि वीर अस्पताल र कीर्तिपुर अस्पतालको क्षमता विकास गर्ने उनले बजेटमा उल्लेख गर्नु भएको छ । मधेस प्रदेशमा मिगौला उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण गर्ने बजेटमा उल्लेख गरिएको छ ।

यस्तै, बालबालिकामा हुने क्यान्सर रोगको उपचार सरकार अस्पतालमा निःशुल्क गर्ने बजेटमा घोषणा गरिएको छ । नागरिकस्तरबाट स्थापना भई अन्तर ाष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त धुलिखेल सामुदायिक अस्पताल र काठमाडौं ' इन्स्टिच्युट चाइल्ड हेल्थ'को स्तरोन्नति गर्न बजेट विनियोजन गरिएको छ । तिलगंगा आँखा प्रतिष्ठानलाई आँखाको लेन्स उत्पादनमा प्रोत्साहन गर्न कर सहुलियत प्रदान गरिएको बजेटमा उल्लेख गरिएको छ ।

# बजेटमा संस्कृति तथा पर्यटन क्षेत्रका कार्यक्रम

**काठमाडौं (प्रस)–** सरकारले संस्कृति र पर्यटन क्षेत्रमा विभिन्न कार्यक्रमसहित उल्लेखनीयरूपमा बजेट विनियोजन गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आवको बजेट प्रस्तुत गर्दै ऐतिहासिक स्थल तिलौराकोट, देवदह, कपिलवस्तु र रामग्रामको बृहत् पूर्वाधार विकास गरिने तथा बृहत् लुम्बिनी विकास कार्यक्रमका लागि ८३ करोड रुपैयाँ विनियोजन गरेको जानकारी दिए । उनका अनुसार जनकपुरलाई विवाह गन्तव्यको रूपमा विकास र ब्राण्डिङ गर्ने तथा रामजानकी पथ र रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि रकम छुट्याएको छ ।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण पहाडी क्षेत्रमा 'हिलस्टेसन'को प्रवर्द्धन गर्न पूर्वाधार विकासमा जोड दिने, हिमाल आरोही तथा पदयात्रीको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था मिलाउने, मुस्ताङ, मनाङलगायत उच्च हिमाली जिल्लामा रहेका २०० वर्षभन्दा पुराना कम्तीमा पनि दुई दर्जन ऐतिहासिक बौद्ध गुम्बाको संरक्षणका लागि विशेष परियोजना ल्याउने बजेटमा उल्लेख छ ।

कपिलवस्तुको तिलौराकोट, धनुषाको जनकपुरधाम र काठमाडौंको गोकर्णेश्वलरलाई विश्व सम्पदा सूचीमा समावेश गराउने कार्य अगाडि बढाउने बजेटमा उल्लेख छ । खप्तड-बडिमालिका-शुक्लाफाँटा, काँक्रेविहार-पञ्चकोशी-रारा,ठाकुरद्वारा-स्वर्गद्वारी-रूरू क्षेत्र, देवघाट-मुक्तिनाथ-तिलिचो, कालिञ्चोक-जुगल-गोसाइकुण्ड, सखडा-धनुषाधाम-गढीमाई, हलेसी-चतरा- पाथिभरा प्रादेशिक पर्यटकीय कोरिडोरको प्रवर्द्धन गरिने मन्त्री डा वाग्लेले जानकारी दिए ।

ग्रेट हिमालयन ट्रेललगायत अन्य पदमार्गलाई रणनीतिक पदमार्गका रूपमा विकास गर्ने, खप्तड-रामारोशन-बडिमालिका-बुढिनन्दा-रारा-स्वर्गद्वारी-मुक्तिनाथलाई जोड्ने गरी उच्च पहाडी पर्या-पर्यटन पदमार्ग (डाँफे रुट) को विकास गर्ने तथा अपी हिमाल, दोर्दी हिमाल, सिकलेस-कहुपुचे-मनाङ, तीनजुरे-पाथिभरा ट्रेकिङ रुट विकास गर्ने बजेटमा उल्लेख छ ।

साइकल ट्रेलका लागि उपयुक्त गण्डकी प्रदेशको मध्यपहाडमा परीक्षणका रूपमा कास्की लिपेनी-थुम्सीकोट-भाचोक-लम्तरी (प्रिन्स चार्ल्स रुट हुँदै करापुसम्म) र ब्यास- छाब्दी बाराही-बन्दीपुर-छिम्केश्वरी-लाब्दी-देवघाटरुट निर्माण गरिने छ ।

यस्तै आदिवासी जनजाति समुदायको संस्कृति संरक्षणका लागि कीर्तिपुरस्थित संग्रहालयको विस्तार गर्ने, दलित समुदायको परम्परागत मौलिक सीप, कला तथा पेसाको प्रवर्द्धन गर्न मधेस, कर्णाली र सुदूरपश्चिमका सघन दलित बस्तीलाई लक्षित गरी नमूना होमस्टे सञ्चान गरिने तथा छ हजार मिटरभन्दा बढी उचाइ भएका र हालसम्म नामकरण नगरिएका हिमाललाई मौलिक नामकरण गरी आरोहणका लागि विशिष्ट बजारीकरण गर्ने बजेटमा उल्लेख छ ।

# जेन-जी आन्दोलनमा क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि भन्सार छुट दिइने

**काठमाडौं (प्रस)–** सरकारले जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि सामान आयात गर्दा भन्सार छुट दिने भएको छ । संघीय संसद्को संयुक्त बैठकमा शुक्रबार आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले उक्त व्यवस्था ल्याएको हो ।

आर्थिक विधेयक, २०८३ मा गरिएको व्यवस्थाअनुसार आन्दोलनका क्रममा आगजनी वा तोडफोडबाट भवन, फर्निचर, यन्त्र तथा उपकरणमा भएको क्षतिको पुनर्स्थापनासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

'जेन-जी आन्दोलनको क्रममा प्रभावित उद्योग, व्यापार वा व्यावसायिक प्रतिष्ठानमा भएको आगजनी वा तोडफोडबाट भवन, फर्निचर, यन्त्र तथा उपकरणमा भएको क्षतिमध्ये बिमा सर्भेयरको प्रतिवेदनबाट यकीन भएको वस्तुको विवरणको आधारमा सोको पुनर्स्थापना तथा सञ्चालनका लागि त्यस्तो वस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्तःशुल्कमा ५० प्रतिशत छुट हुने छ,' विधेयकमा भनिएको छ ।

# मुग्लिन-पोखरा सडक विस्तार अगामी असारसम्म पूरा नहुने



**कास्की–** पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्त बनेको छ । पाँच वर्षअघि सुरुआत भएको सडक विस्तार तथा स्तरोन्नति पटक-पटक म्याद थप हुँदासमेत अझै पूरा हुन सकेको छैन । तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८.७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुर्‍याइएको थियो । तर पछिल्लो प्रगति हेर्दा निर्धारित अवधिभित्र निर्माण सम्पन्न नहुने अनिश्चित भएको हो । पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि तथा पछिल्ला दिनमा परेको लगातार वर्षाले निर्माण प्रभावित बनेको आयोजनाले जनाएको छ । मूल्यवृद्धिका कारण निर्माण कम्पनीले अत्यावश्यकबाहेकका अन्य काममा अपेक्षित गति दिन नसकेको जनाएको छ ।

मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । उनले कूल सडकखण्डमध्ये पहिलो तहको कालोपत्रे ३८ किलोमिटर र दोस्रो तहको कालोपत्रे ३७.२८ किलोमिटर सम्पन्न भएको जानकारी दिए ।

आयोजनाअन्तर्गत २०.५५ किलोमिटर चार लेन सडक तथा १८.१६ किलोमिटर चार लेनसहित सर्भिस लेन निर्माण गर्नुपर्ने छ । योजना प्रमुख कुँवरले इन्धन अभावले निर्माणमा प्रत्यक्ष असर परेको बताए । उनले भने, 'निर्माण कम्पनीलाई दैनिक चार हजार लिटर डिजेल आवश्यक पर्छ, तर अहिले एक हजार ५०० लिटरमात्र उपलब्ध भइरहेको छ । निर्माण सामग्रीको मूल्यसमेत अत्यधिक बढेकाले काम प्रभावित भएको छ । यसले निर्धारित समयमा आयोजना सम्पन्न गर्न कठिन भएको छ ।'

योजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन निर्माण, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा 'डब्लु बिम रोड सेफ्टी ब्यारियर' जडानको काम भइरहेको छ । नेपालको प्रमुख विकास साझेदार एसियाली विकास बैंकको लगानीमा सञ्चालित उक्त आयोजनाअन्तर्गत पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनसँग सात अर्ब ४० करोड रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । उक्त खण्डको निर्माण सम्झौता २०७८ जेठ २ गते भएको थियो भने २०७८ भदौ १२ गतेदेखि निर्माण थालनी गरिएको थियो । *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/१६**

यस कम्पनीको मिति २०८३/०२/१० को साधारण सभा र विशेष साधारण सभाको निर्णय वमोजिम कम्पनी **न्यू राज प्लास्टो ईन्डस्ट्रिज प्र.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **कैलाश प्लास्टो ईन्डस्ट्रिज प्र.लि**. (प्रा.लि.नं. २५७८७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०२/१६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २५ को ५१६.०६ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**वनठाकुर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–३, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

***प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/२/१६***

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना वमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १३७ को १४६९.८८ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कटुसपानी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–५, मकवानपुर**

## साउदी/युएइमा रोजगार

कम्पनी : JODRAN ALKHALEEJ AL-MUSTAQBAL LIMITED

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पून: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१५ | LT. No. 338993 | चलानी नं. ६०२५२३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ४०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BASATIN LANDSCAPING LLC

सेवा शुल्क: निशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/१९ | पून: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१५ | LT. No. 311874 | चलानी नं. ६०२२६२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 24 | 0 | 900 | ३७,२३३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 1200 | ४९,६५४ | | | | | | | |
| 6 | TILE LAYER | 1 | 0 | 1200 | ४९,६५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २३ गते (6th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## मलेसियामा रोजगार

कम्पनी : SPECIAL SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१५ | LT. No. 332310 | चलानी नं. ६०२४६०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 35 | 0 | 1700 | ६५,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २३ गते (6th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## कुवेतमा रोजगार

कम्पनी : HINT SALON CO.FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१५ | LT. No. 339132 | चलानी नं. ६०२५२६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Hospital-indoor) | 0 | 2 | 120 | ५९,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ७४,१७७ | | | | | | | |
| 3. | Light Drivers | 2 | 0 | 150 | ७४,१७७ | | | | | | | |
| 4. | Manicure/pedicure | 0 | 3 | 150 | ७४,१७७ | | | | | | | |
| 5. | Manicurist/nail Technician | 0 | 3 | 150 | ७४,१७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २३ गते (6th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## Mauritius मा रोजगार

कम्पनी : SEVEN SEVEN CO LTD

पूर्व स्वीकृति मिति : २०८१/०४/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१५ | LT. No. 307556 | चलानी नं. ६०२२२२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | 15000 | ४८,४६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Operator - Fish Processing | 15 | 3 | 15000 | ४८,४६९ | | | | | | | |
| 3. | Factory Operator - Meat Processing | 14 | 5 | 15000 | ४८,४६९ | | | | | | | |
| 4. | Fish Cutting Operator | 12 | 0 | 15000 | ४८,४६९ | | | | | | | |
| 5. | General Technician | 3 | 2 | 15000 | ४८,४६९ | | | | | | | |
| 6. | Meat Cutting Operator | 13 | 0 | 15000 | ४८,४६९ | | | | | | | |
| 7. | Packing Machine Operator | 30 | 0 | 15000 | ४८,४६९ | | | | | | | |
| 8. | Pastry Operator | 59 | 1 | 15000 | ४८,४६९ | | | | | | | |
| 9. | Shelf Filler | 13 | 1 | 15000 | ४८,४६९ | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २३ गते (6th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

# जलजलामा हिमाल र बादलको लुकामारी



> समुद्री सतहदेखि तीन हजार ४१४ मिटर उचाइमा रहेको जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमालसहित सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।

**सन्तोष गौतम**/म्याग्दी

पहाडको उच्च स्थानमा फैलिएको समथर घाँसेमैदान, हरियाली पहाडको पृष्ठभूमिमा लहरै देखिने हिमाल, छिनछिनमा बादल र हिमालको लुकामारी, शीतल हावापानी तथा शान्त वातावरणका कारण म्याग्दीको धवलागिरि गाउँपालिका-२ मा रहेको जलजला पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ ।

समुद्री सतहदेखि तीन हजार ४१४ मिटर उचाइमा रहेको जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमालसहित सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।

धवलागिरि गाउँपालिका-७ की शान्ति थापाले जलजलाको समथर फाँटमा बसेर आँखैअगाडि हिमालको लर्कन हेर्दा चित्रकारले कोरेको क्यानभासजस्तो अनुभूति भएको बताइन् । 'छिनछिनमा हुने बादल र हिमालको लुकामारी जलजलाको फरक आकर्षण रहेछ,' उनले भनिन्, 'दृश्यावलोकनसँगै गुर्जाघाट, छेन्तुङ, ढोरपाटनको जनजीवन, उत्तरगंगाको दर्शन तथा घोडा सवारीले यात्राको थकान नै बिर्सायो ।'

बर्खायाममा पशुगोठ, समथर फाँट, वनजंगल र पहाडी भूगोल तथा वसन्त ऋतुमा गुराँसे जंगल अवलोकन गर्न पाइने भएकाले जलजलाको आकर्षण थपिएको धवलागिरि गाउँपालिका-३ का नरेश विश्वकर्माले बताए ।

'रेडपाण्डा'को बासस्थान

जलजला क्षेत्रको जंगलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को बासस्थान भएकाले थप महत्त्व रहेको छ । समुद्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले संकटापन्न वन्यजन्तुको सूचीमा राखेको छ ।

दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले जलजलामा तीनवटा क्यामरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा भेटिएको थियो । सो क्षेत्रमा छदेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको वायोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले बताए ।

स्थानीयवासीले २०८० असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट, २०८१ को मंसिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए ।

वि.सं. २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । रेडपाण्डाका कारण जलजला क्षेत्रमा साहासिक पदयात्रामा रमाउन चाहने पर्यटकहरूलाई आकर्षित गर्न सकिने धवलागिरि गाउँपालिका-३ का भोम पुनले बताए ।

> बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुन महिनामा मार्ग खुलेपछि पूर्वी रुकुमको पुथाउत्तरगंगा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरू जलजलादेखि मुना हुँदै फर्कने "रुट" बनाउन थालेका छन् । मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहासिक र आकर्षक गन्तव्य बनेको छ ।

सडक सुविधापछि पर्यटक बढे

माथिल्लो जलजलामा छ वर्षदेखि 'गोठ स्टे' सञ्चालन गर्दै आएका धवलागिरि गाउँपालिका-२ लुलाङका फुलबहादुर विकले दैनिकजसो पर्यटकहरू आउन थालेका बताए । 'यसअघि ढोरपाटनमा आएका सीमित पर्यटकहरूमात्रै जलजलामा आउने गरेका थिए,' उनले भने 'म्याग्दी-ढोरपाटन र पूर्वी रुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार-पाँच वटा गाडी तथा १५-२० वटा मोटरसाइकलमा पर्यटक आउन थालेका छन् ।'

बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुन महिनामा मार्ग खुलेपछि पूर्वी रुकुमको पुथाउत्तरगंगा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरू जलजलादेखि मुना हुँदै फर्कने 'रुट' बनाउन थालेका छन् ।

मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहासिक र आकर्षक गन्तव्य बनेको छ । तकसेरा-ढोरपाटन-जलजला हुँदै पोखराको यात्रा गरेकी बागलुङकी सपना रोकाले नयाँ मार्गमा साहासिक र रोमाञ्चक यात्रा भएको अनुभव सुनाइन् । जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएको धवलागिरि गाउँपालिका-७ का विविधजङ थापाले बताए । नेपालको एकमात्र ढोरपाटन सिकार आरक्षको दुई वटा मनसुन र बार्से ब्लकसहित १३ प्रतिशत भूगोल म्याग्दीमा पर्छ । जलजला ढोरपाटन सिकार आरक्षको 'भ्यु पोइन्ट'का रुपमा विकास हुन थालेको छ । आवास र खानेपानी अभाव जलजलाको मुख्य समस्या बनेको छ ।

पूर्वाधार निर्माण र प्रवर्द्धन अभियान सुरु

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा पर्यटक आगमन बढ्न थालेपछि धवलागिरि गाउँपालिकाले पूर्वाधार निर्माण र प्रवर्द्धनको काम थालेको छ । जलजलाको सम्भावनाको उजागर, समस्या समाधानका लागि साझा मुद्दा तय गरी जिल्ला, प्रदेश, संघीय तहमा पहल गर्ने उद्देश्यले यसै हप्ता पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको धवलागिरि गाउँपालिकाले खानेपानीको व्यवस्था मिलाएको र शौचालय निर्माण थालेको उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिए ।

ताकमकोत, मुनामालिका, जलजला, गुर्जाघाट, रुघाचौर, गुर्जा, धौलागिरि आधार शिविर जोड्ने पदमार्गको अवधारणा अघि सारिएको छ । बस्तीदेखि टाढा होटल र रेस्टुरेण्ट नभएको जलजलामा म्याग्दीको लुलाङका विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आएका छन् । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैं बन्दोबस्तीको सामान लगेर जानुपर्छ ।

ढोरपाटन सिकार आरक्ष, प्रदेश र संघीय सरकारसँग समन्वय गरेर पर्यटकहरूका लागि आश्रयस्थल, पदमार्ग निर्माण, विद्युत् र सञ्चार सुविधा विस्तारका लागि पहल गर्न कार्यक्रममार्फत सातबुँदे जलजला घोषणापत्र जारी गरिएको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिए ।

'चिनौं जलजला, घुमौं जलजला' डिजिटल अभियान सुरु गरिएको उनले जानकारी दिए । जलजला देउरालीलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने अध्यक्ष पुनले बताए ।

मध्य पहाडी लोकमार्गको वैकल्पिक सडक

म्याग्दीको बेनीहुँदै बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा जोड्ने सडक मध्य पहाडी लोकमार्गको वैकल्पिक मार्गका रूपमा विकास हुने सम्भावना देखिएको छ । हालै मार्ग खुलेको १२२ किलोमिटर दूरीको बेनी-ढोरपाटन-तकसेरा सडक बागलुङ-काँक्री खण्डभन्दा करिब ५० किलोमिटर छोटो रहेको छ । ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप तथा मोटरसाइकलमार्फत करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ ।

क्रमशः पृष्ठ ५ मा

मल संकट र पर्यावरणीय चुनौती चिर्न

# 'जलवायु च्याम्पियन' अभियान




**सुदिप राउत**/सिरहा

यही जेठ ७ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गतको कृषि विकास महाशाखाले एउटा सार्वजनिक सूचना जारी गऱ्यो । पश्चिम एसियामा जारी द्वन्द्वका कारण रासायनिक मलको विश्वव्यापी आपूर्ति शृंखला खण्डित भएको र वर्षे धान बालीको सिजनमा रासायनिक मलको समस्या हुनसक्ने सरकारी प्रक्षेपण उक्त सूचनामा जनाइएको छ ।

सरकारले रासायनिक मलको विकल्पमा गँडचौला मल, गोठेमल र हरियो मल (ढैँचा)जस्ता वैकल्पिक उपायहरूको प्रयोग गर्न किसानहरूलाई आह्वान गरेको छ । तर प्रश्न उठ्छ, के केवल सरकारी सूचनाको भरमा वर्षौंदेखि रासायनिक मलमा आश्रित किसान रातारात आत्मनिर्भर बन्न सक्छन् ? यो नीतिगत र व्यावहारिक खाडललाई चिर्न मधेस प्रदेशका किसानले एउटा नयाँ मार्गचित्र कोरेका छन्, जसको नाम हो- 'जलवायु च्याम्पियन' अभियान । अब किसानहरू केवल प्रविधिको प्रयोगकर्तामात्र रहेनन्, उनीहरू आफ्नो हक, दिगो कृषि र अनुकूल नीतिका लागि आफैं आवाज उठाउने नीतिगत अभियन्ताका रूपमा बदलिँदै गएका छन् ।

मन्त्रालयले जारी गरेको सूचनामा गँडचौला मल (भर्मिकम्पोस्ट)ले प्रतिहेक्टर पाँच टन प्रयोग गर्दा १६३ केजी युरियाबराबरको काम गर्ने विशिष्टता उल्लेख गरिरहँदा सिरहाको धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतो र सुगन्धादेवी सिंहले विगत छ महिनादेखि यसलाई व्यवहारमै उतारिसकेका छन् । राष्ट्रिय कृषक समूह महासंघ नेपालको अगुवाइ एवं केयर नेपालको आर्थिक सहयोगमा सञ्चालित 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत उनीहरू आबद्ध 'महारानी महिला कृषक समूह'ले अहिले व्यावसायिकरूपमा गँडचौला मल उत्पादन गरिरहेको छ ।

> जलवायुमैत्री कृषि अब केवल प्राविधिक विषय रहेन, यो नीतिगत र राजनीतिक पैरवीको सवाल बनेको छ । सिंहदरबारमा बन्ने नीतिले मधेसको खेतको माटो बुझ्दैन भन्ने भाष्य यहाँको जनमानसमा रहेको पाइन्छ । त्यसैले "जलवायु च्याम्पियन"हरूले अब स्थानीय तहबाटै हस्तक्षेप सुरु गर्ने रणनीति बनाएका हुन् ।

'विगतका वर्षहरूमा वर्षे बाली भित्र्याउने सिजन नजिकिँदै गर्दा रासायनिक मल नपाएर खेतमै बाली सुक्ने हो कि भन्ने ठूलो चिन्ता हुन्थ्यो । मलका लागि डिलर र बजारमा दिनभर लाइन बस्दा पनि रित्तो हात फर्कनुपर्ने बाध्यता थियो । तर, परियोजनामा जोडिएपछि हाम्रो सोच र बानी दुवै फेरिएको छ । अहिले मलको खोजीमा बजारतिर भौतारिनु पर्दैन, हाम्रै खोर र आँगनको फोहोरबाट बन्ने गँडचौला मलले माटोको स्वास्थ्य (कार्बन) पनि सुधारेको छ र बजारको परनिर्भरता पनि तोडेको छ,' अनिता महतोले भनिन् ।

त्यस्तै, सिरहा र सप्तरीका विभिन्न पालिकाहरूमा मल्चिङ प्रविधि, थोपा सिँचाइ, छोपुवा विधि र सोलार प्रणालीको प्रयोग बढ्दो छ । तर, यो अभ्यास केही सीमित समूह र गाउँमामात्र सीमित छ । यसलाई समुदायस्तरमा व्यापकरूपमा विस्तार गर्न अब प्राविधिक ज्ञानमात्र होइन, 'नेतृत्व र पैरवी' को आवश्यकता छ ।

'जलवायु च्याम्पियन'मार्फत ज्ञान आदानप्रदान

परम्परागतरूपमा कृषि प्रविधि हस्तान्तरण गर्ने जिम्मा सरकारी संयन्त्रकोमात्र मानिन्थ्यो । तर, राष्ट्रिय कृषक समूह महासंघ नेपालको छातामुनि सिरहाको धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा यो अभियान सञ्चालन गरिएको छ । यी छवटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ कृषक पाठशालादेखि 'जलवायु च्याम्पियन क्षमता विकास अभिमुखीकरण तालिम' र अन्तर पालिका सिकाइ आदानप्रदान कृषक भ्रमणसम्मका कार्यक्रमले परम्परागत परिपाटीलाई तोडिदिएका छन् । छवटा पालिकाका अगुवा महिला किसानहरू अब आफ्नै समुदायका लागि 'प्राविधिक र सचेतक' बनेका छन् ।

कृषिको दिगो विकास र प्रविधि विस्तारका लागि परम्परागत सरकारी प्रसार प्रणालीभन्दा किसान आफैं सक्रिय हुने मोडल बढी प्रभावकारी हुने विज्ञहरूको ठहर छ । मन्त्रालयले जारी गरेका प्राविधिक सूचनाहरू वा परियोजनाले भित्र्याएका आधुनिक प्रविधिहरू तबमात्र भुइँ तहसम्म संस्थागत हुन्छन्, जब किसान आफैं प्रशिक्षक बनेर गाउँगाउँ पुग्छन् ।

यही नीतिगत र व्यावहारिक पाटोलाई केलाउँदै राष्ट्रिय कृषक समूह महासंघ नेपाल, 'जलवायुमैत्री गाउँ परियोजना'का वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापा भन्छन्, 'किसानलाई केवल प्रविधि हस्तान्तरण गरेर वा अनुदान बाँडेरमात्र कृषिमा दिगोपन आउँदैन । वास्तविक रूपान्तरण तब सम्भव हुन्छ, जब किसान आफैंले सिकेको ज्ञान र अनुभव अर्को किसानलाई सिकाउँछ । यो 'किसानबाट किसानमा ज्ञान हस्तान्तरण'को मान्यताले सिकाइको गतिलाई तीव्र त बनाउँछ नै, साथै समुदायस्तरमा अपनत्व र नेतृत्वसमेत स्थापित गर्छ ।'

यही रूपान्तरणलाई पुष्टि गर्दै लक्ष्मीपुर पतारीकी अगुवा कृषक दुर्गी चौधरी भन्छिन्, 'पहिले खेती गर्दा मौसमले ठग्यो भन्दै पीडा सहेर बस्ने गर्थ्यौं । तर, यो दिगो कृषिको अभ्यासले हामीलाई 'जलवायु च्याम्पियन'को नयाँ जिम्मेवारी र पहिचान दिएको छ । अब हामी हानिकारक रासायनिक मल घटाउन र माटोको स्वास्थ्य सुधार्न आफ्ना समूहका अरू दिदीबहिनीलाई प्राविधिकरूपमा सिकाउनेमात्र छैनौं, आफ्नो अधिकारका लागि आफैं अगाडि बढेर महासंघको अगुवाइमा वडा कार्यालय र पालिकास्तरमै पुग्नेछौं । त्यहाँ जलवायु अनुकूलनका लागि आवश्यक नीति बनाउन र बजेट छुट्याउन स्थानीय सरकारलाई प्रत्यक्ष दबाब र पैरवीसमेत गर्नेछौं ।'

**वडा र पालिकाको अपनत्व**

जलवायुमैत्री कृषि अब केवल प्राविधिक विषय रहेन, यो नीतिगत र राजनीतिक पैरवीको सवाल बनेको छ । सिंहदरबारमा बन्ने नीतिले मधेसको खेतको माटो बुझ्दैन भन्ने भाष्य यहाँको जनमानसमा रहेको पाइन्छ । त्यसैले 'जलवायु च्याम्पियन'हरूले अब स्थानीय तहबाटै हस्तक्षेप सुरु गर्ने रणनीति बनाएका हुन् ।

जलवायु च्याम्पियनहरूले तयार गरेका विस्तृत कार्ययोजनाअनुसार यी महिला नेतृत्वहरूले आआफ्नो वडा कार्यालय र स्थानीय सरकार (पालिका)मा गएर जलवायुमैत्री योजनाका लागि पैरवी गर्ने छन् । यस्ता कार्यक्रम सफल हुन स्थानीय सरकारले यसलाई आफ्नै नीति र वार्षिक बजेटमा समावेश गर्नुपर्छ । च्याम्पियनहरूले पालिकाको कृषि शाखासँग समन्वय गरी स्थानीय स्रोत परिचालनमा दबाब दिने छन् ।

क्रमशः पृष्ठ ५ मा

# मासिँदै सनपाट



■ गोपालप्रसाद बराल

**महोत्तरी–** केही दशक पहिलेसम्म महोत्तरीका बस्तीबस्तीका किसान सनपाटखेतीमा लाग्ने गरेका थिए । अचेल भने यहाँका फाँटमा न सनपाट देखिन्छ, न त यो खेती गर्नेमा युवा पुस्ताको आकर्षण छ । किसानका गोठमा पशुवस्तु घट्दै गएसँगै सनपाटको खेती पनि मासिँदै गएको जानकारहरू बताउँछन् । विगतमा पशुवस्तु बाँध्न, डुलाउनमात्र होइन, कयौं काममा प्रयोग हुने डोरीको प्रयोग हुने गरेको थियो । एकातिर पशुवस्तु पाल्न छोडिएको र अर्कोतिर प्लास्टिकका बनिबनाउ डोरी सजिलै पाउने भएकाले सनपाटखेतीतर्फ किसानको सरकार घट्दै गएको हो ।

'मेरै गोठमा जहिले पनि दुई हल गोरु, दुईवटा भैँसी र एउटा गाई हुन्थ्यो,' दुई दशक पहिलेको आफ्नो गुहाली (गोठ) सम्झँदै बर्दिबास-९ पशुपतिनगरका ७० वर्षीय किसान कारी महतो भन्छन्, 'यिनै वस्तुसँग जोडेर बर्सेनि केही जग्गामा सनपाट लगाइन्थ्यो, अब न गोठमा वस्तु छन्, न पाटखेती नै गरिन्छ ।'

उनीमात्रै होइन, यताका सबैजसो किसानका गोठमा जग्गाको अनुपातमा गोरु पालिन्थे, दूधका लागि घरघरै गाईभैंसी हुन्थे । किसानहरूले ती पशुवस्तु बाँध्न डोरी, दाम्ला बनाउन आफैं सनपाटखेती गर्थे । पुरानो पुस्ताको अवसानसँगै त्यो प्रचलन हराएको छ। नयाँ पुस्ता पढाइ र कामका लागि विदेसिने क्रम बढेपछि वस्तुपालन र पाटखेती हराएको महतोकै छिमेकी सूर्यदेव सिंह बताउँछन् ।

यहाँको भंगाहा-६ हतिसर्राको मजरा बस्तीका ६० वर्षीय सुरेश बाँतरका अनुसार पशुवस्तुका दाम्ला बनाउनमात्र नभइ घरायसी प्रयोजनका लागि विगतमा पनि डोरी र मोटो रस्सी बाट्न पनि सनपाटको सुत्री चाहिन्थ्यो । दाम्लो, डोरी र मोटो रस्सा बनाउनमात्र नभइ प्रांगारिक मलका लागि पनि सनपाटखेती गर्ने चलन रहेको उनको भनाइ छ ।

'सनपाटका जरामा हुने साना गिर्खा (गाँठा) मा माटोलाई चाहिने उर्वर शक्ति नाइट्रोजन हुन्छ, अनि डाँठ र पातबाट कम्पोस्ट मल बन्छ,' नेपाल सरकारको कृषि सेवाको सहसचिवबाट अवकाशप्राप्त भंगाहा-५ सीतापुरका ७५ वर्षीय कृषिविज्ञ रामबहादुर भुजेल भन्छन्, 'मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ । हिलो पानीले सनपाट गलेपछि फेरि दाँते लगाएर धान रोपिन्छ ।'

सनपाटको यस्तो मल धानखेतीका लागि निकै उर्वर हुँदा विगतमा किसानको रोजाइमा पर्ने गरेको भुजेलको भनाइ छ । उनले कृषि कार्यालयहरूले किसानलाई मलका लागि यो खेती गर्न कार्यक्रम नै बनाएर अभिप्रेरित गर्ने गरेको पनि स्मरण गरे ।

सनपाट दाम्ला, डोरी र रस्साका लागि खेती गरिँदा यो छिप्पिएपछि काटेर मुठा बनाइ गहिरो पानीमा डुबाउनुपर्छ । त्यसरी केही दिन पानीमा डुबाइएको सनपाटको डाँठबाट रेसा अलग्गिन थालेपछि त्यसलाई धोइपखाली घर ल्याएर सुकाएपछि पाट तयार हुन्छ । यसरी तयार भएको पाट सुत्री कातेर दाम्ला, डोरी र रस्सा बनाउनसँगै उब्रेको पाट बजारमा बेचेर किसान घर खर्चको जोहोसमेत मिलाउने गरेका गौशाला-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतोको सम्झना ताजै छ ।

'पहिले पो जोत्न गोरु चाहिन्थ्यो र घरघरै जसको जति खेत छ, त्यसअनुसार गोरु पाल्थे, अब सबै ट्रेक्टरबाटै जोत्छन्,' उनी भन्छन्, 'गोरुसँगै घरघरैजसो भैँसी र कमसेकम एउटा गाई पालिन्थ्यो, अब न गोठमा वस्तु नै छन्, न यिनलाई बाँध्न चाहिने दाम्ला/डोरीका लागिको सनपाटखेती ।' व्यावसायिकरूपमा आधुनिक तवरले पशुपालन गर्ने किसान निकै कम भएका र अब बजारमा प्लास्टिकका दाम्ला, डोरी सजिलै पाइन थालेपछि सनपाटको सम्झना नै हुन छाडेको उनको भनाइ छ । विराटनगरको जुटमिल बन्द हुनु, पशुपालन घट्दै जानु, नयाँ पुस्ताले यसबारे रुचि नदेखाउनु, पोखरी/दहमा पानी सुक्नु र खेतीमा रासायनिक मलमा निर्भरता बढ्नुले सनपाटखेती हराएको औरही-७ भोइलका पाका किसान ७० वर्षीय मोहन महतोको बुझाइ छ ।

'करिब दुई दशकअघिसम्म जिल्लाका सबैजसो भेगमा आमकिसानले धेरथोर सनपाटखेती लगाउँथे । यहाँ कुत्रुङ, कश्मिरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गर्थे,' एकडारा गाउँपालिकाको अजमरपट्टी बस्तीका ६० वर्षीय हरिदेव मण्डलले भने, 'यो सबै हिजोझैँ लाग्दै छ । अहिलेका किशोर उमेरका नातिनातिनालाई सनपाट भनेको नै थाहै नपाउने अवस्था बनिसक्यो ।'

सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्सा एवं प्रांगारिक मलका लागिमात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगलेसमेत किन्ने गरेकाले विगतमा राम्रो आम्दानीको स्रोतको रूपमा थियो । यहाँबाट तयार गरिएको पाट विराटनगर जुट मिलमा जाने गरेकाले आम्दानी गर्न सहज भएको भंगाहा-५ धतीयाटोलका ६५ वर्षीय किसान सुपतलाल यादवको सम्झनामा छ । उनी भन्छन्, 'मल र घरायसी प्रयोजका लागि सनपाट प्रयोग गर्थ्यौं । बढी भएपछि उद्योगलाई बेचेर कमाउथ्यौं ।'

सनपाटको सण्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलनसमेत रहेको थियो । खासगरी सण्ठी दीपावलीमा 'हुक्कालोलि' खेल्न प्रयोग गर्ने मधेसको चलन छ । 'हुक्कालोलि' मिथिला संस्कृतिकै अंग मानिन्छ । यस प्रयोजनका लागि सण्ठी जोगाएर राखिने गरेको विगत यहाँका पाका किसानले बताउने गरेका छन् ।

सनपाटखेती गर्मी हावापानीमा हुने गर्छ । छरेको करिब ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन् । पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती असजिलो हुँदै गए पनि खेतबारीको मलका लागि भने किसानलाई अझै यसतर्फ उत्प्रेरित गर्न आवश्यक रहेको कृषिविज्ञ राजकिशोर यादवको भनाइ छ । *रासस*

# मुस्ताङमा शालिग्राम मूर्ति स्थापना

**मुस्ताङ–** मुस्ताङमा शालिग्राम मूर्ति उद्घाटन गरिएको छ । यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित कालीगण्डकी तटमा मूर्तिकारले कुदेको २२ फिट अग्लो विशाल मूर्ति बिहीबार साँझ धार्मिक विधिपूर्वका समुद्घाटन गरिएको हो ।

मुक्तिनाथ दर्शनका लागि आएका दक्षिण भारत कर्नाटक राज्यको शृंगेरी शारदा पीठका पीठाधीश्वर जगदगुरु शंकराचार्य महास्वामी विधुशेखर भारती महाराजद्वारा विशाल शालिग्रामको समुद्घाटन गरेका हुन् । शालिग्राम शिलाको समुद्घाटन गरिएकाले यहाँको धार्मिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

घरपझोङ गाउँपालिका र एकीकृत सामाजिक विकास कार्यालयको संयुक्त आयोजना तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा तीन हप्ताअघि मुस्ताङको मूर्तिकला कार्यशाला चलाइएको थियो । प्रज्ञा प्रतिष्ठानमा आबद्ध तीन दर्जन मूर्तिकारले कालीगण्डकी नदीका विशाल ढुंगाहरूमा विभिन्न स्वरुपमा मूर्तिका आकार भरेका थिए । सोही निर्माण गरिएका मूर्तिमध्ये कालीगण्डकी नदी तटमा निर्माण गरिएको विश्वकै ठूलो आकारको शालिग्राम शिला मूर्तिको भारतीय जगद्गुरुद्वारा धार्मिक विधिपूर्वक उद्घाटन भएको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिए ।

राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै विशेष सुरक्षा निगरानीसहित बुधबार दिउँसो मुक्तिनाथ दर्शन गर्न पुगेका भारतीय जगद्गुरु शंकराचार्य महास्वामी विधुशेखर भारतीसहितको टोली त्यहाँबाट फर्किएलगत्तै जोमसोममा निर्मित शालिग्राम शिलाको उद्घाटन गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए ।

कार्यक्रममा घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थकालीसहित पालिकाका जनप्रतिनिधि र कर्मचारी, प्रमुख जिल्ला अधिकारी अजिता शर्मासहित जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, जोमसोम गाउँ समाज, महिला समूह र स्थानीय नागरिकको उल्लेख्य सहभागिता थियो । यसअघि मुक्तिनाथको दर्शन गरी जोमसोम फर्किएका जगदगुरु शंकराचार्य महाराजको ठूलो संख्यामा स्वागत तथा नागरिक अभिनन्दन गरिएको थियो । *रासस*




**म्याग्दीमा गणतन्त्र दिवस** | गणतन्त्र दिवस-२०८३ को अवसरमा शुक्रबार म्याग्दीको बेनीमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागी प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यलगायत । *तस्बिर: रासस*

# मानसिक स्वास्थ्यको सर्वाधिक समस्या 'चिन्ता र उदासीनता'

**कर्णाली–** कर्णाली प्रदेशसहित नेपालभरि नै मानसिक स्वास्थ्यको सर्वाधिक समस्या 'चिन्ता र उदासीनता' भएको तथ्यांक सार्वजनिक गरिएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सुर्खेतद्वारा बिहीबार वीरेन्द्रनगरमा आयोजित 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगसम्बन्धी समन्वय बैठक'मा नेपालसहित कर्णालीको मानसिक स्वास्थ्य अवस्थाको तथ्यांक सार्वजनिक गरिएको हो । बैठकमा मन्त्रालयका जनस्वास्थ्य अधिकृत महेश शर्माले नेपालमा ४० प्रतिशतमा चिन्ता र २८ प्रतिशतमा निराशा रहेको तथ्यांक प्रस्तुत गरे ।



कर्णालीमा पनि मानसिक स्वास्थ्य समस्यामा सबैभन्दा बढी 'चिन्ता र उदासीनता' देखिएको तथा त्यो नेपालकै तथ्यांकसरह रहेको उनले बताए । उनले कर्णालीमा यो समस्या व्यापक बन्दै गएको भन्दै आर्थिक वर्ष २०७९/८० मा तीन हजार ६८५, आव २०८०/८१ मा १४ हजार १८१, आव २०८१/८२ मा १५ हजार १२० र २०८२/८३ मा नौ हजार ३१९ जनामा मानसिक स्वास्थ्य समस्या देखिएको बताए । उनका अनुसार चालु आर्थिक वर्षको अन्तसम्म यो संख्यामा वृद्धि हुने देखिन्छ ।

तथ्यांकअनुसार आव २०८१/८२ आत्महत्या प्रयास गर्नेको संख्या २०३, एक हजार ४६२ जनामा कन्भर्जन, सात हजार ४८९ जनामा उदासीनता र १५ हजार ४५० चिन्ता रोग देखिएको छ । कर्णालीमा ६८ प्रतिशत महिला र ३२ प्रतिशत पुरुषमा मानसिक स्वास्थ्य समस्या देखिएको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै, सिएमसी नेपालका प्राविधिक निर्देशक तथा मनोवैज्ञानिक डा. पशुपति महतले मानसिक स्वास्थ्य समस्याका क्षेत्रमा देशका चार प्रदेश, ५४ जिल्लाका २१५ पालिकामा काम गर्दै आएको बताए । डोल्पा र हुम्लाबाहेक कर्णालीका आठ जिल्लाका ३३ पालिकामा आफ्नो कार्यक्षेत्र रहेको बताउँदै उनले बालबालिका तथा किशोरीसहित मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

बैठकमा सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कर्णाली प्रदेश नेपालको सातै प्रदेशमध्ये मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग रणनीति निर्माण गर्ने पहिलो प्रदेश भएको बताए । कर्णालीका आठ जिल्लाका २७ पालिकास्तरमा पनि मानसिक स्वास्थ्य नीति तथा रणनीति बनेको जनाउँदै प्रदेश सरकारको रणनीति कार्यान्वयनमा सरकार प्रतिबद्ध भएको लागेको बताए ।

मन्त्रालयकी सचिव रोशनीकुमारी श्रेष्ठले विशेष जनशक्ति खाली नहुनेगरी प्रदेश अस्पतालमा व्यवस्थापन गर्ने बताइन् । उपलब्ध जनशक्तिको परिचालन कसरी गर्ने भन्नेमा पनि मन्त्रालय गम्भीररुपले अगाडि बढेको सचिव श्रेष्ठले बताइन् । उक्त बैठकमा स्वास्थ्य सेवा महाशाखा प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाही, कर्णाली प्रदेश अस्पतालमा मानसिक रोग विशेषज्ञ डा. सुशील समदर्शीलगायतले मानसिक स्वास्थ्य समस्या समाधानमा सबै सरोकारवालाको साझा प्रयास आवश्यक रहेको बताएका थिए । *रासस*

पृष्ठ ४ बाट क्रमश:

## जलजलामा...

धवलागिरि गाउँपालिकाको केन्द्र मुनाबाट जिप वा मोटरसाइकलमा करिब दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ । दुवै तर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्ने स्थानीयवासीले बताएका छन् ।

म्याग्दी प्रदेशसभा निर्वाचन क्षेत्र नं १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले मुना हुँदै ढोरपाटन र पूर्वी रुकुमको तकसेरा जोड्ने सडक खोल्नुको मुख्य उद्देश्य जलजलालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु रहेको बताए । 'पुरानो पदमार्गलाई आधार मानेर खोलिएको यो सडक स्तरोन्नति गर्न सके पूर्वी र पश्चिम रुकुम, जाजरकोट र डोल्पाका बासिन्दालाई पोखरा र काठमाडौं आउजाउ गर्न छोटो र सहज हुने छ,' उनले भने, 'यो सडक स्तरोन्नति भए मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प तथा उच्च पहाडी राजमार्ग बन्न सक्ने सम्भावना छ ।'

हाल सडकको विभिन्न स्थानमा स्तरोन्नति र खोलामा मोटर चल्ने पुल निर्माण गर्न बाँकी रहेको छ । यद्यपि नयाँ मार्ग सञ्चालनमा आएपछि ढोरपाटन, जलजला र तकसेरा भ्रमण गर्ने पर्यटकलाई सहज भएको छ । प्रदेश सांसद जुग्जालीका अनुसार बेनी-ढोरपाटन-तकसेरा सडकलाई मध्य पहाडी लोकमार्गको वैकल्पिक मार्गका रूपमा विकास गर्न प्राथमिकता दिइएको छ । *रासस*

## जलवायु...

किसानहरू सधैँ अनुदान र दयाका पात्रमात्र बन्ने परिपाटीको अन्त्य गर्दै, उनीहरूलाई आफ्नो अधिकारका लागि आफैं बोल्न सक्ने बनाउनु नै महासंघले सञ्चालन गरेको यो अभियानको मुख्य लक्ष्य रहेको कार्यक्रम अधिकृत थापाको भनाइ छ । उनका अनुसार यो अभियानको अर्को महत्त्वपूर्ण आयाम किसानको वर्गीकरणसँग जोडिएको छ । सीमान्तकृत, साना र महिला किसान जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा छन्, तर राज्यको अनुदान र प्रविधिमा ठूला किसानहरूको मात्र हालीमुहाली देखिन्छ ।जलवायु अनुकूलनका प्रविधि र अभ्यासहरू कागजमा जति उत्साहजनक देखिन्छन्, तिनलाई भुइँ तहका आमकिसानको पहुँचसम्म पुऱ्याउन र दिगो बनाउन उत्तिकै ठूला व्यावहारिक चुनौतीहरू छन् । परियोजना सञ्चालन हुञ्जेल किसानले सहयोग पाए पनि त्यसको दिगोपन र बजार सुनिश्चितता नभएसम्म यस्ता अभियानहरू बीचैमा रोकिने खतरा रहन्छ ।

यही स्थलगत चुनौती र आगामी उपायहरूबारे केलाउँदै कृषि प्राविधिक तथा लक्ष्मीपुर पतारीका फिल्ड सुपरीवेक्षक उमेशनन्दन चौधरी आफ्नो प्राविधिक अनुभव यसरी सुनाउँछन्, 'मैदानमा काम गर्दा हामीले के देख्यौं भने मल्चिङ, थोपा सिँचाइ र टनेल हाउसजस्ता प्रविधि उपयोगी भएर पनि अझै धेरै साना र सीमान्तकृत किसानको आर्थिक पहुँचभन्दा बाहिर छन् । त्यसैले परियोजना सकिएपछि पनि यी प्रविधिको निरन्तर विस्तारका लागि स्थानीय सहकारी वा कृषक समूहहरूलाई 'बीउ पुँजी'को व्यवस्था गर्न स्थानीय सरकारले ठोस नीति नै बनाउनुपर्छ ।'

प्राविधिक चौधरी अगाडि थप्छन्, 'अबको मुख्य पाटो बजारको हो । रासायनिक मललाई प्रतिस्थापन गर्दै किसानले उत्पादन गरेको गँडचौला मल वा जैविक विधिबाट उत्पादित 'अर्ग्यानिक' कृषि उपजलाई बजारमा छुट्टै पहिचान (ब्राण्डिङ) दिन आवश्यक छ । किसानले आफ्नो मिहेतको उचित मूल्य पाउने सुनिश्चितताका लागि ठाउँठाउँमा 'संकलन केन्द्र' खोल्ने र सीधै बजारसँग पहुँच सुदृढ गर्ने संयन्त्र पालिकाले बनाइदिनुपर्छ । साथै, खडेरी वा अतिवृष्टिका कारण हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि किसानलाई वित्तीय साक्षरतासहित 'जलवायु बिमा'मा जोड्नुपर्छ र मोबाइल एप वा सामाजिक सञ्जालमार्फत समयमै मौसमी पूर्वसूचना दिने संयन्त्र पालिकास्तरमै बन्न सक्यो भनेमात्र महासंघले थालनी गरेका 'जलवायु च्याम्पियन'हरूको अभियानले पूर्णता पाउने छ ।'

मल संकटको यो घडीमा नेपाल सरकारको कृषि मन्त्रालयले जारी गरेको वैकल्पिक मलको सूचनालाई कार्यान्वयन गर्ने एउटा उपयुक्त माध्यम 'जलवायु च्याम्पियन' अभियान पनि बनेको छ । यो अभियानलाई वडा र पालिकास्तरबाटै अपनत्व दिलाई देशव्यापीरूपमा लैजान सकेमात्र किसानको खस्कँदो उत्पादकत्व जोगिने छ र वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै रोक्न सकिने छ ।

रैथाने र दिगो पर्यावरणीय खेतीपातीको यो अभियान भुइँ तहका वास्तविक किसानहरूको सक्रियता र सामूहिक आवाजबाट मात्र अगाडि बढ्न सक्ने राष्ट्रिय कृषक समूह महासंघ नेपालका राष्ट्रिय अध्यक्ष पञ्चकाजी श्रेष्ठको भनाइ छ । यसका लागि महासंघले देशभर सचेतना अभियान सञ्चालन गर्नुका साथै अभियानको अगुवाइ गर्न आफ्ना संरचनाहरू परिचालन गर्ने अध्यक्ष श्रेष्ठले बताए । *रासस*

**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/२/१६*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना वमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १३३ को २०२४.०३ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–६, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/२/१६*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाले नियमानुसार कटान गरी हस्तान्तरण गरी घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ५१० को २७९६.८३ घनफिट काठ तथा साल र अन्य जातको दाउरा ३४.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून वमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**रानीवन सामुदायिक वन उपभोक्ता समूह**
**मकवानपुरगढी–१, मकवानपुर**

# प्रभाव दैनिक





### नयाँ फिल्म हल खोल्दा १० वर्ष कर छुट

यस पटकको बजेटमा नयाँ फिल्म हल खोल्न चाहनेलाई १० वर्षसम्म कर छुट दिने व्यवस्था गरिएको छ । कला क्षेत्रका व्यक्तिले यो पटकको बजेटलाई निकै महत्वका साथ लिए पनि निराश बनेका छन् । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) आफैं कलाक्षेत्रकै व्यक्ति भएकाले पनि यो पटकको बजेटमा फिल्म सिटीमा लगानी लगायत कलाक्षेत्रलाई विशेष सम्बोधन हुने आश गरिएको थियो । तर बजेट कला क्षेत्रको अपेक्षा अनुसार आउन सकेन । बजेट वक्तव्यमार्फत् बौद्धिक सम्पत्ति संरक्षण गर्ने, संगीत, कला र साहित्य सम्बन्धि अध्ययनलाई देशभर प्रवर्द्धन गरिनेछ ।





# चीनका अवार्ड विजेता ६ फिल्म काठमाडौंमा प्रदर्शन हुने




■ प्रभाव संवाददाता

**काठमाडौं** – विभिन्न संस्करणको बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ठ ठहर भएका चिनियाँ चलचित्रहरू नेपालमा प्रदर्शन हुने भएका छन् ।

बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'टियानतान अवार्ड प्यानोरामा' अन्तर्गत रहेर आगामी जुन २ देखि ४ सम्म ६ अवार्ड विजेता चिनियाँ फिल्म काठमाडौंमा देखाइने भएको हो ।

चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर ाष्ट्रिय चलचित्र महोत्सवले नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँग सहकार्य गरेर फिल्म प्रदर्शजन गर्ने तय भएको हो ।

यसका लागि काठमाडौंस्थित चिनियाँ सास्कृतिक केन्द्रसहित त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र लुम्बिनी बुद्धिस्टका कन्फुसियस इन्स्टिच्युटहरूको पनि सहयोग रहेको छ ।

ठमेलस्थित छायाँ सेन्टरमा ६ वटै फिल्महरू सशुल्क प्रदर्शन गरिने व्यवस्थापक नेपाल चलचित्र तथा सास्कृतिक प्रतिष्ठानले जनाएको छ ।

चिनियाँ चलचित्र उद्योगसँग नेपाली चलचित्रकर्मीको सम्बन्ध विस्तार हुने उद्देश्यका साथ आफूहरू जोडिएको प्रतिष्ठानका अध्यक्ष केपी पाठकले बताए ।

अध्यक्ष पाठकले भने, 'चिनियाँहरू नेपाली बजारमा आकर्षित भइरहेको पाइन्छ । जसका कारण नेपाली चलाचित्रकर्मीहरूलाई चीन भ्रमण गराउने तथा चीनमा नेपाली चलचित्रको महोत्सव गराउने कार्यमा चिनियाँ सहयोग बढ्न थालेको छ । हामीले पनि चिनियाँ चलचित्रहरूलाई नेपाली दर्शकमाझ प्रदर्शनमा सहकार्य गरेर दुई देशका चलचित्रकर्मीबीच सम्बन्ध विस्तार होस् भन्ने पक्षमा केन्द्रित छौं । नेपाली चलचित्र चीनको ठूलो बजारमा प्रवेश गर्ने माध्यम यस्तै कार्यक्रमहरू उपयुक्त अवसर बन्न सक्छन् भन्ने ठानेर बिगत लामो समयदेखि हामी अभियानमा छौं र त्यो समय नजिक आयो भन्ने हामीलाई लागेको छ ।'

**जनु २ (जेष्ठ १९) मा प्रदर्शन हुने फिल्म**

कार्यक्रमको पहिलो दिन तीन फिल्म देखाइने तालिका रहेको छ । बिहान साढे ११ बजे सुरु हुने यस कार्यक्रम मा पहिलो फिल्म ट्र्याप् प्रदर्सन हुने छ जुन सन् १९९५ मा चीनमा बन्दुक प्रतिबन्ध हुनुभन्दा एक वर्षअघि जेलबाट भागेको एक गुण्डाले सहरमा बिताण्डा मच्चाएको कथामा आधारित छन् ।

क्राइम थ्रिलर जनरामा बनेको यस फिल्मको निर्देशक सागर झाङ हुन् । यसले बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट पटकथा र सह-अभिनेताको अवार्ड जितेको थियो । निर्देसक झाङ्ग को दर्सक संग प्रश्नोत्तर पनि हुने जनाइएको छ ।

दिउँसो ३ बजे प्रदर्शन सुरु हुने झिहाई लिउद्वारा निर्देशित फिल्म 'बियोन्ड द स्काइज' युद्धको कथामा बनेको फिल्म हो ।

बेलुको ५ बजेबाट प्रदर्शन हुने फिल्म 'समर डायरी' का निर्देशक वु शुआङ हुन् । आमाको खोजीमा निस्किएका एक पात्रको यात्रामा यो फिल्म बनेको छ ।

**अन्य चलचित्र (जेष्ठ २०-२१)**

रुई कुई र सियाङ लिउ निर्देशित फिल्म 'लस्ट इन द स्टार' प्रदर्शन हुने तालिका छ । यो फिल्म गर्भवती महिला हराएको रहस्यमी घटनामा आधारित छ ।

'द स्याडोलेस टावर' झाङ लु निर्देशित यस फिल्म प्रेम कथामा आधारीत छ ।

दाशाङ कोङ निर्देशित साइन्स फिक्सन फिल्म 'जर्नी टु द वेस्ट' प्रदर्शन हुनेछ । एलियनको खोजीको कथामा बनेको यो फिल्म ब्यङ्ग्यात्मक वृत्तचित्र शैलीमा बनेको छ ।

# जितु नेपालको 'आइ एम जीत बहादुर'को ट्रेलर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – अभिनेता जितु नेपालको निर्माणमा बनेको चलचित्र 'आइ एम जीत बहादुर' को ट्रेलर सार्वजनिक गरिएको छ । आगामी असार ५ गतेदेखि देशभर प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्रको ट्रेलर ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । राजधानी काठमाडौंमा आयोजित विशेष कार्यक्रममा ट्रेलर सार्वजनिक गरिएको थियो ।

सार्वजनिक ट्रेलरले गाउँबाट सपना बोकेर शहर आएका एक युवाले कलाकार बन्नका लागि भोग्नुपरेका संघर्ष, चुनौती र यात्रालाई भावनात्मक ढंगले प्रस्तुत गरेको छ । ट्रेलरमा अभिनेता जितु नेपालको फरक अवतार देख्न सकिन्छ, जहाँ उनले कलाकार बन्ने सपना पछ्याइरहेका युवाको भूमिका निभाएका छन् ।

भारतीय बंगाली निर्देशक सुभेन्दु घोषको कथा तथा निर्देशनमा बनेको यस चलचित्रमा जितु नेपालको अपोजिटमा अभिनेत्री वर्षा राउत देखिएकी छन् । यसअघि सार्वजनिक गरिएको टिजरले दर्शकमाझ सकारात्मक प्रतिक्रिया पाएको निर्माण टिमले जनाएको छ ।

चलचित्रमा प्रियंका कार्की, सन्दीप क्षेत्री, देशभक्त खनाल,पवन खतिवडा'बाबा',निरज नेपाल,अन्सु महर्जन लगायत कलाकारहरूको अभिनय रहेको छ । कर्मभूमि क्रिएशनको ब्यानरमा निर्माण भएको यस फिल्मका कार्यकारी निर्माता निश्चल कुँवर र निरज नेपाल हुन् भने राजन सिंखडा तथा दीपेन्द्र अधिकारी सह-निर्माताका रूपमा रहेका छन् । भारतीय सिनेमाटोग्राफर अरविन्दको छायांकन रहेको फिल्मको पोस्ट-प्रोडक्सन कार्य भारतमै सम्पन्न गरिएको निर्माण पक्षले जानकारी दिएको छ ।

'आइ एम जीत बहादुर' को वितरण आरआर फिल्म्सले गर्नेछ भने डिजिटल अधिकार ओएसआर डिजिटलले लिएको छ । तीन दशकभन्दा लामो कलाकारिता यात्रामा हास्यदेखि चरित्र अभिनयसम्म फरक पहिचान बनाएका जितु नेपालका लागि यो चलचित्र विशेष रहेको छ ।



**खेलकुद बजेट २०८३/०८४**

# खेलकुदलाई स्थानीय अर्थतन्त्रसँग जोडिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले समग्र खेलकुद क्षेत्रका विकासको लागि रु चार अर्ब तीन करोड रकम विनियोजन गरेको छ ।

संघीय संसदको संयुक्त बैठकमा शुक्रबार आगामी आवको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले खेलकुदलाई स्थानीय अर्थतन्त्रसँग जोड्दै आगामी तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमता भएका १० वटा फुटबल रंगशाला फ्लडलाइटसहित स्तरोन्नति गर्ने घोषणा गरे ।

उनले प्रमुख आठ सहरमा आगामी पाँच वर्षभित्र आधुनिक क्रिकेट रंगशाला निर्माण गर्ने सरकारको योजना रहेको बताए ।

अर्थमन्त्री डा. वाग्लेले विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा दुई हजार दर्शक क्षमता भएका इन्डोर मल्टीपर्पस रंगशाला आगामी तीन वर्षभित्र सम्पन्न गर्ने उल्लेख गरे ।

त्यस्तै, मूलपानी क्रिकेट रंगशाला तथा एकेडेमी, गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला र कैलालीको फाप्ला क्रिकेट रंगशालाको निर्माणका लागि डिजाइन पुनरावलोकन गरी लगानी 'मोडालिटी' तयार गरिने सरकारको योजना छ ।

सरकारले खेलकुदमा रुचि भएका विद्यार्थीलाई सुविधासहितको प्रशिक्षण व्यवस्था मिलाउने तथा अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई अवकाशपछि सम्मानजनक जीवनयापन सुनिश्चित गर्न आजीवन निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने घोषणा गरेको छ ।

यसैगरी, सुर्खेतमा हुने दशौं राष्ट्रिय खेलकुद सम्पन्न गर्न तथा मधेस प्रदेशमा प्रस्तावित ११औं राष्ट्रिय खेलकुदका लागि आवश्यक पूर्वाधार निर्माण गर्न रकम विनियोजन गरिएको छ ।

**काभा महिला भलिबल च्याम्पियनसिप**

# इरान लगातार च्याम्पियन

## भारतसँग फेरि हार्‍यो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं** – इरानले लगातार दोस्रोपटक काभा महिला भलिबल च्याम्पियनसिपको उपाधि जितेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शुक्रबार सम्पन्न खेलमा काजाकिस्तानलाई ३-१ ले पराजित गरेको हो । गत संस्करणको उपाधि पनि इरानले जितेको थियो ।



त्यसअघि शुक्रबार नै तेस्रो स्थानका लागि भएको खेलमा भारतले नेपाललाई समान ३-१ ले पराजित गर्दै बाजी मार्‍यो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) कभर्डहलमा सम्पन्न खेलमा नेपालले भारतसँग ३-१ को हार बेहोर्दै समूहचरणको हारको बदला लिने चाहना पूरा गर्न सकेन ।

भारतले पहिलो सेट २५-२२ ले आफ्नो पक्षमा पारेको थियो । दोस्रो सेटमा फेरि भारतले नेपाललाई २५-२३ ले पाखा लगायो । तेस्रो सेटमा नेपालले २५-१५ को सानदार पुनरागमन गर्‍यो ।

थो सेटमा २५-२२ को जित निकाल्दै भारतले तेस्रो स्थान हासिल गर्‍यो । समूह चरणमा पनि नेपालले भारतसँग पराजय बेहोरेको थियो । त्यतिबेला नेपाल ३-२ को सेटमा हारेको थियो ।

# तेञ्जिङ नोर्गे शेर्पा खुला आरोहण प्रतियोगिताको उपाधि उप्रेती र चौधरीलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने तेञ्जिङ नोर्गे शेर्पाको स्मृतिमा आयोजित तेञ्जिङ नोर्गे शेर्पा खुला आरोहण प्रतियोगिताको उपाधि रोनक उप्रेती र स्वस्तिका चौधरीले प्राप्त गरेका छन् ।

त्रिहत्तरौं अन्तरराष्ट्रिय सगरमाथा दिवसका अवसरमा नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघ  र युएस नेपाल क्लाइम्बर्स एसोसिएसनले आयोजना गरेको पुरुष तथा महिला खुला आरोहण प्रतियोगितामा पुरुषतर्फ उप्रेती र महिलातर्फ चौधरी प्रथम भएका हुन् ।

प्रथम भएसँगै उनीहरूलाई रु ५० हजार नगद, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । पुरुषतर्फ दोस्रो हुनेमा विदेशी नागरिक मिर्को लेरोस र तेस्रो हुनेमा तेन्जिङ बर्टिन राई छन् । दोस्रो हुनेलाई रु ३० हजार नगद, मेडल र प्रमाणपत्र, तेस्रो हुनेलाई रु २० हजार नगद, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

त्यस्तै, महिलातर्फ दोस्रो हुनेमा याङकिला शेर्पा र तेस्रोमा पञ्चामाया तामाङ छन् । दोस्रो हुनेलाई रु ३० हजार नगद, मेडल र प्रमाणपत्र, तेस्रो हुनेलाई रु २० हजार नगद, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

उक्त प्रतियोगितामा विजयी खेलाडीलाई प्रतिनिधिसभा सदस्य मिङ्मा डेभिड शेर्पाले पुरस्कार प्रदान गरे । कार्यक्रममा प्रतिनिधिसभा सदस्य शेर्पाले आरोहणको काम चुनौतीपूर्ण रहेको भन्दै उत्कृष्ट प्रदर्शन गरेकामा खेलाडीलाई बधाई ज्ञापन गरे ।

प्रतियोगिताको फाइनल चरणमा छ पुरुष र छ महिला खेलाडी पुगेका थिए । नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघका अध्यक्ष तुलसिंह गुरुङले प्रतियोगिताको उद्देश्य नेपालमा साहसिक आरोहण खेलको प्रवर्द्धन गर्नुका साथै विश्वप्रसिद्ध आरोही तेन्जिङनोर्गे शेर्पा र सर एड्मण्ड हिलारीको योगदानलाई सम्मान गर्नु रहेको बताए । कार्यक्रममा पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने, नेपाल पर्वतारोहण संघका अध्यक्ष फुरगेल्जे शेर्पालगायतको सहभागिता थियो ।



क्यानडाको ब्रिटिस कोलम्बियाको भ्यानकुभरमा आर्ट भ्यानकुभर २०२६ को समयमा एक महिला कलाकृति हेर्दै । *तस्विरः सिन्हुवा*

# अनलाइन बाल जोखिमप्रति संयुक्त राष्ट्रसंघको चिन्ता



**जेनेभा–** संयुक्त राष्ट्रसंघले अनलाइन संसारमा बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु अब तत्काल र अपरिहार्य प्राथमिकता भएको स्पष्ट गरेको छ । डिजिटल प्लेटफर्महरूमा बढ्दो जोखिमप्रति चिन्ता व्यक्त गर्दै संगठनले जिम्मेवार पक्षहरूलाई जवाफदेही बनाउन राज्यहरू र प्रविधि कम्पनीहरूलाई कडा कदम चाल्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले डिजिटल प्रविधिले बालबालिकालाई सिकाइ, समुदाय र सिर्जनात्मक अवसरसँग जोड्ने भए पनि त्यही माध्यमबाट उनीहरू गम्भीर सुरक्षा, गोपनीयता र कल्याणसम्बन्धी जोखिममा पर्ने अवस्था बढिरहेको बताए ।

उनका अनुसार अनलाइन हानि कुनै प्राकृतिक वा अपरिहार्य अवस्था होइन, बरु प्रविधि कम्पनीहरूले अपनाउने डिजाइन र व्यापारिक अभ्यासको परिणाम हो । अनन्त स्क्रोल, अटोप्ले र निरन्तर सूचना पठाउनेजस्ता लत उत्पन्न गर्ने डिजाइनले बालबालिकालाई अझ बढी जोखिममा पार्ने उनको भनाइ छ । टर्कले बालबालिकाको सुरक्षा अनलाइन क्षेत्रमा सुनिश्चित गर्नु केवल नीति नभई तत्काल कार्यान्वयन गर्नुपर्ने प्राथमिक जिम्मेवारी भएको उल्लेख गरे ।

उनले प्लेटफर्महरूलाई प्रभावकारी नियमन, निरीक्षण र कानुनी जवाफदेहितामार्फत बालमैत्री बनाउनुपर्नेमा जोड दिए । साथै केवल उमेर प्रतिबन्धमामात्र भर पर्नु पर्याप्त नहुने उनको चेतावनी छ, किनभने त्यस्ता उपायले डिजाइन र एल्गोरिदममा रहेका मूल समस्यालाई समाधान गर्दैनन् ।

उनका अनुसार कमजोर सुरक्षा भएका प्लेटफर्मले बालबालिकालाई अझ जोखिमपूर्ण डिजिटल वातावरणतर्फ धकेल्ने सम्भावना रहने भएकाले यस्ता प्लेटफर्ममा पहुँच रोक्ने उपायमात्र अन्तिम समाधान हुन सक्दैन । संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्त कार्यालयले तयार पारेको दिशानिर्देशमा बालबालिकाको डेटा अधिकतम सुरक्षित राख्नुपर्ने र व्यावसायिक प्रयोजनका लागि उनीहरूको डिजिटल गतिविधिको आधारमा 'माइक्रो-टार्गेटिङ' पूर्णरूपमा रोक्नुपर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी कृत्रिम बौद्धिकता (एआई) च्याटबट र लत उत्पन्न गर्ने डिजाइन सुविधाहरूमा विशेष उमेरसम्बन्धी प्रतिबन्ध आवश्यक हुन सक्ने सुझाव पनि दिइएको छ । दिशानिर्देशले स्वतन्त्र निगरानी प्रणाली, कानुनी परिणामसहितको जवाफदेहिता र अधिकार उल्लंघन भएमा बालबालिकालाई न्यायिक उपचार पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ ।

टर्कले गलतरूपमा लागू गरिएको उमेर प्रमाणीकरण जस्ता उपायले बालबालिका र वयस्क दुवैको गोपनीयतामा खतरा उत्पन्न गर्न सक्ने भन्दै नीति निर्माण गर्दा अनपेक्षित क्षतिबाट जोगिन विशेष सावधानी आवश्यक रहेको स्पष्ट पारे । *रासस/एएफपी*

# विश्वकप सट्टेबाजी बजार ५० अर्ब डलर नाघ्ने अनुमान

**पेरिस–** आगामी विश्वकपले विश्वव्यापी सट्टेबाजी बजारमा अभूतपूर्व उछाल ल्याउने अपेक्षा गरिएको छ । सट्टेबाजी विज्ञहरूले प्रतियोगिताबाट मात्रै ५० अर्ब अमेरिकी डलरभन्दा बढी राजस्व संकलन हुने अनुमान गरेका छन्, जसले यसलाई 'सहरको सबैभन्दा ठूलो सर्कस' जस्तो विशाल आर्थिक घटनाका रूपमा चित्रित गरेको छ ।

स्पोर्टराडारका प्रबन्धित व्यापार सेवाका प्रबन्ध निर्देशक डयारेन स्मलका अनुसार विश्वकप विस्तार, खेलाडी केन्द्रित सट्टेबाजी र डिजिटल प्लेटफर्महरूको वृद्धिले बजारलाई नयाँ उचाइमा पुऱ्याएको हो । उनका अनुसार कतार विश्वकपपछि टोली संख्या ३२ बाट ४८ मा विस्तार हुँदा सट्टेबाजी गतिविधिमा उल्लेखनीय वृद्धि हुने निश्चित छ ।

उनले अब परम्परागत टोली-आधारित सट्टेबाजीभन्दा पनि खेलाडीको व्यक्तिगत प्रदर्शन, सेलिब्रेटी प्रभाव र 'प्लेयर प्रोप्स' जस्ता विकल्पमा ग्राहकको रुचि तीव्ररूपमा बढेको बताए । यसअन्तर्गत गोल संख्या, पास, ट्याकलदेखि लिएर विशेष खेल परिस्थितिसम्ममा आधारित अनुकूल सट्टेबाजी विकल्पहरू लोकप्रिय बन्दै गएको उनको भनाइ छ ।

स्पोर्टराडारका अनुसार ग्राहकहरूले अब खेललाई कथात्मक शैलीमा हेर्ने गरेका छन्, जसमा गोलकर्ता, खेलको नतिजा र विशेष घटनाहरूलाई जोडेर 'बेट बिल्डर' तयार गर्ने प्रवृत्ति बढेको छ । अंग्रेजी सट्टेबाज कम्पनी कोरलका जनसम्पर्क प्रमुख डेभिड स्टिभेन्सले आगामी विश्वकप अहिलेसम्मकै सबैभन्दा ठूलो सट्टेबाजी प्रतियोगिता बन्ने बताए । उनका अनुसार 'बेट बिल्डर' प्रणाली कम्पनीको सबैभन्दा छिटो बढिरहेको क्षेत्र हो, जसले युवा र नयाँ ग्राहकलाई आकर्षित गरिरहेको छ ।

स्मलका अनुसार स्पोर्टराडारसँग जोडिएका २५० खेल पुस्तक ग्राहकहरूबीच अर्जेन्टिना र फ्रान्समा सट्टेबाजीको उच्च प्रवाह देखिएको छ । तर इंग्ल्याण्डप्रति पनि उल्लेखनीय चासो रहेको उनले उल्लेख गरे । डेभिड स्टिभेन्सका अनुसार इंग्ल्याण्ड फ्रान्स र स्पेनपछि तेस्रो दाबेदारका रूपमा रहेको छ र थोमस टुचेलको नेतृत्वमा लामो प्रतीक्षाको अन्त्य भएमा सट्टेबाजहरूलाई ठूलो आर्थिक असर पर्न सक्ने छ । यद्यपि, सट्टेबाजी बजारको विश्वव्यापी विस्तारले इंग्ल्याण्डको जित अघिल्ला दशकहरूको तुलनामा कम आर्थिक जोखिमपूर्ण बन्न सक्ने विश्लेषण पनि गरिएको छ ।

खेलाडी विशेष सट्टेबाजीतर्फ किलियन एमबाप्पे र एर्लिङ हालाण्ड शीर्ष गोलकर्ताका प्रमुख आकर्षण बनेका छन् । हालाण्डमामात्रै कूल सट्टेबाजीको २० प्रतिशतभन्दा बढी रकम लगानी भइसकेको बताइएको छ । यसैबीच, असामान्य तर रोचक प्रवृत्तिका रूपमा न्युजिल्याण्डका स्ट्राइकर बेन वेनसमेत शीर्ष गोलकर्ताको शीर्ष १० सम्भावित सूचीमा प्रवेश गरेपछि सट्टेबाजी विशेषज्ञहरूले यसलाई 'असाधारण भए पनि रोचक' भन्दै टिप्पणी गरेका छन् ।

विशेषज्ञहरूका अनुसार प्रतियोगिताको भौगोलिक विस्तारले पनि सट्टेबाजीमा प्रभाव पार्ने छ । युरोपका दर्शकका लागि समय क्षेत्रका कारण पश्चिमी तटका खेलहरू पछ्याउन कठिन हुने भए पनि दक्षिण अमेरिका, विशेषगरी ब्राजिल, बजार विस्तारको महत्त्वपूर्ण केन्द्र बन्ने अपेक्षा गरिएको छ ।

अमेरिका, क्यानाडा र मेक्सिकोमा हुने विश्वकपमा अमेरिकी टोलीप्रति कम विश्वास देखिए पनि ठूलो अपसेट भएमा राजनीतिक र सार्वजनिक उत्सवमा उच्च चासो देखिन सक्ने विश्लेषण गरिएको छ । सट्टेबाजी विशेषज्ञहरूले अमेरिकी जित सम्भव भएमा राष्ट्रपति डोनाल्ड ट्रम्पसमेत उत्सव केन्द्रमा रहने सम्भावनाबारे रोचक अनुमान व्यक्त गरेका छन् । *रासस/एएफपी*

# इरान–अमेरिका युद्धविराम थप ६० दिनका लागि विस्तार



**वासिङ्टन–** तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि युद्धविराम विस्तार गर्ने तथा इरानको आणविक कार्यक्रमसम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबीच अस्थायी सम्झौता भएको छ ।

तर इरानले भने उक्त सम्झौताको औपचारिक पुष्टि गरेको छैन । अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले सम्झौता भएको जानकारी दिएका छन् । यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई अनुमोदन गर्ने वा नगर्ने विषय अझै स्पष्ट नभएको बताइएको छ । उनका अनुसार केही प्राविधिक तथा भाषागत बुँदाहरूमा छलफल जारी छ र अन्तिम सहमति अझै टुंगिएको छैन ।

सम्झौतासँगै हर्मुज जलघाँटीसम्बन्धी प्रावधानहरू पनि अगाडि सारिएको जनाइएको छ । प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल लगाउने अधिकार प्रयोग गर्न नपाउने तथा ३० दिनभित्र त्यहाँ राखिएका सबै खानी हटाउनुपर्ने व्यवस्था समेटिएको छ । ती अधिकारीले सार्वजनिकरूपमा बोल्न अधिकार नभएकाले नाम नखुलाउने सर्तमा जानकारी दिएका हुन् । युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारीरूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौं भाग प्रभावित भएको बताइएको छ ।

यसैबीच, अमेरिकाले इरानी बन्दरगाहहरूमा गरिएको नौसैनिक दबाब क्रमशः हटाउने र प्रतिबन्धहरू खुकुलो पार्दै इरानलाई थप तेल बिक्री गर्न अनुमति दिने तयारी गरेको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सम्झौता अन्तिम भएपछि तेलको मूल्य छिट्टै घट्न सक्ने अनुमान व्यक्त गरेका छन् । यद्यपि, अमेरिकाले इरानी तेल बिक्रीसँग सम्बन्धित थप प्रतिबन्धहरू पनि लगाएको छ, जसले आर्थिक दबाब अभियान अझ विस्तार गरेको देखिएको छ ।

इरानले केही व्यावसायिक जहाजहरूलाई आवतजावत गर्न दिएको दाबी गरे पनि यस महिनामा औसत दैनिक जहाज आवागमन युद्धपूर्वको तुलनामा निकै घटेको छ । यसबीच इस्लामिक गणतन्त्रले केही जहाजबाट टोल पनि असुल गरेको आरोप छ र यसै सन्दर्भमा नयाँ औपचारिक नियन्त्रण निकाय स्थापना गरिएको उल्लेख गरिएको छ ।

सम्झौताको मुख्य संवेदनशील विषय इरानको अत्यधिक संवर्द्धित युरेनियम भण्डारण रहेको बताइएको छ । अन्तर ाष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानसँग ४४०.९ किलोग्राम युरेनियम छ, जुन ६० प्रतिशतसम्म सम्वर्द्धित छ र यो हतियारस्तर ९० प्रतिशतभन्दा केही तलमात्र रहेको प्राविधिक सीमा हो । वार्ताकारहरूले उक्त भण्डारणको भविष्यबारे प्रारम्भिक सहमति खोज्ने प्रयास गरिरहेको जनाइएको छ, जसको विस्तृत रूप आगामी वार्तामा तय हुने अपेक्षा गरिएको छ ।

उपराष्ट्रपति भान्सले आणविक सामग्री, सम्वर्द्धित भण्डार र संवर्द्धन प्रक्रियासम्बन्धी विषय अझै छलफलमै रहेको बताउँदै लामो समयसम्म असर पार्ने किसिमको समाधान खोज्ने प्रयास भइरहेको उल्लेख गरे । तर इरानले भने आफ्ना युरेनियम भण्डार पूर्णरूपमा त्याग्ने प्रतिबद्धता अझै सार्वजनिकरूपमा जनाएको छैन । केही विश्लेषकहरूले उक्त भण्डारलाई चीन वा रूसजस्ता तेस्रो पक्षलाई जिम्मा दिने विकल्पबारे छलफल हुन सक्ने संकेत गरेका छन् । यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले यस्तो योजनामा सहज नहुने स्पष्ट पारेका छन् ।

यता इरानले वार्तामा लेबनानमा इजरायली सैन्य कारबाही रोक्ने विषय पनि समावेश हुनुपर्ने अडान दोहोऱ्याएको छ । यसैबीच लेबनानको राजधानी बेरुत आसपास र दक्षिणी क्षेत्रमा भएको आक्रमणपछि तनाव अझ बढेको छ, जसमा कम्तीमा १४ जनाको मृत्यु भएको विवरण सार्वजनिक भएको छ ।

क्षेत्रीय सुरक्षाको अवस्था थप जटिल बन्दै जाँदा कुवेतले आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत इरानबाट प्रक्षेपित मिसाइल र ड्रोनहरू रोकिएको जनाएको छ । कुवेतको विदेश मन्त्रालयले यसलाई स्पष्ट आक्रमण भन्दै निन्दा गरेको छ भने अमेरिकी सेन्ट्रल कमाण्डले यसलाई गम्भीर युद्धविराम उल्लंघनको रूपमा व्याख्या गरेको छ ।

अमेरिकी अधिकारीहरूका अनुसार हालैका दिनहरूमा इरानमाथि थप कारबाही गरिएको छ । यसमा ड्रोनहरू खसाल्ने र केही सैन्य संरचनामा आक्रमण गर्ने कार्य पनि समावेश छ । इरानले भने आफ्ना रिभोलुसनरी गार्डमार्फत प्रतिकारात्मक आक्रमण गरेको जनाएको छ । यद्यपि त्यसको विस्तृत लक्ष्यबारे स्पष्ट जानकारी दिएको छैन ।

अस्थायी सम्झौताको विवरण पहिले समाचार संस्था एक्सियोसले सार्वजनिक गरेको थियो । यद्यपि दुवै पक्षले आंशिक सहमति र आंशिक असहमतिको अवस्थामा वार्ता जारी राखिरहेका छन् । अमेरिकी उपराष्ट्रपति भान्सका अनुसार युद्धविराम पूर्णरूपमा स्थिर नभए पनि हालसम्म 'धेरै हदसम्म टिकिरहेको' छ र वार्ता निरन्तर अगाडि बढिरहेको छ ।

पछि बिहीबार इरानको प्रतिरक्षा प्रणालीले दक्षिणी सहर जाम नजिकै एक 'शत्रुतापूर्ण विमान' नष्ट गरेको दाबी गरिएको छ । स्थानीय अधिकारीहरूका अनुसार घटनाबारे थप विवरण तत्काल उपलब्ध नभए पनि क्षेत्रीय तनाव अझै उच्च अवस्थामा रहेको छ । *रासस/एपी*

# परेवाको दिशाबोधमा कलेजोको भूमिका



**न्युयोर्क–** परेवाहरू घर फर्कने बाटो कसरी पहिचान गर्छन् भन्ने दीर्घकालीन वैज्ञानिक रहस्यमा नयाँ अनुसन्धानले अप्रत्यासित निष्कर्षतर्फ संकेत गरेको छ । अध्ययनअनुसार यी चराहरूले दिशानिर्देशनका लागि केवल आकाशीय संकेत वा स्थलचिह्नमात्र नभई, उनीहरूको कलेजोसँग सम्बन्धित जैविक प्रणालीलाई पनि उपयोग गर्ने सम्भावना देखिएको छ ।

जनावरहरूले सामान्यतया ताराहरू, भू-दृश्य र पृथ्वीको चुम्बकीय क्षेत्रजस्ता विभिन्न संकेतहरू प्रयोग गरेर दिशा पहिचान गर्छन् । चराहरू, माछा र कछुवाजस्ता प्रजातिहरूले पृथ्वीको चुम्बकीय क्षेत्रलाई प्राकृतिक कम्पासको रूपमा प्रयोग गर्ने विश्वास रहँदै आएको छ, तर यसको वास्तविक जैविक प्रक्रिया अझै पूर्णरूपमा स्पष्ट हुन सकेको छैन ।

परेवाहरू लामो दूरी उडान गर्न सक्षम चराहरू हुन् । यी चराले एकै दिनमा सयौं माइल दूरी पार गर्न सक्छन् । ऐतिहासिकरूपमा मानिसहरूले यी चराहरूलाई सन्देशवाहकका रूपमासमेत प्रयोग गर्दै आएका छन्, जसले उनीहरूको दिशा पहिचान क्षमताप्रति थप चासो बढाएको छ ।

जर्मनीको म्याक्स प्लांक इन्स्टिच्युट अफ एनिमल बिहेभियरका मार्टिन विकेल्स्की नेतृत्वको अनुसन्धान टोलीले यस रहस्यको अध्ययन गर्दै चुम्बकीय संकेत पत्ता लगाउने प्रणाली खोज्ने क्रममा कलेजोमा अप्रत्यासित जैविक संकेत फेला पारेको जनाएको छ । अध्ययनअनुसार कलेजोमा रहेका विशेष प्रतिरक्षा कोशिकाहरूले रातो रक्त कोशिका तोड्ने र फलाम भण्डारण गर्ने प्रक्रियामा चुम्बकीय संवेदनसँग सम्बन्धित भूमिका खेल्न सक्ने देखिएको छ ।

बोन विश्वविद्यालयका क्रिश्चियन कुट्र्सका अनुसार ती प्रतिरक्षा कोशिकाहरूलाई अस्थायी रूपमा निष्क्रिय पारिँदा परेवाहरूले आफ्नो मार्ग पहिचान गर्ने क्षमता गुमाएको देखिएको थियो । यसले कलेजोमा रहेको फलाम-सम्बन्धित प्रणालीले दिशाबोधमा भूमिका खेल्न सक्ने बलियो संकेत दिएको अनुसन्धानकर्ताहरूको निष्कर्ष छ ।

अनुसन्धानकर्ताहरूले चराहरूको चुम्बकीय कम्पास विशेषगरी बादलयुक्त अवस्थामा मात्र प्रभावित हुने बताएका छन्, किनभने उनीहरूले सूर्यलाई पनि वैकल्पिक दिशा पहिचान संकेतका रूपमा प्रयोग गर्ने गर्छन् । वैज्ञानिकहरूले लामो समयदेखि प्रतिरक्षा कोशिकाहरू चुम्बकीय संवेदन प्रक्रियामा संलग्न हुन सक्ने अनुमान गर्दै आएका थिए, तर साइन्स जर्नलमा प्रकाशित यो अध्ययनले त्यसतर्फ पहिलो ठोस संरचनात्मक संकेत प्रस्तुत गरेको बताइएको छ ।

अमेरिकाको म्यासाचुसेट्स बोस्टन विश्वविद्यालयका व्यावहारिक पारिस्थितिकीविद् अल्बर्ट काओले अनुसन्धानलाई आश्चर्यजनक भए पनि अर्थपूर्ण रहेको प्रतिक्रिया दिए । बोन विश्वविद्यालयकी सहलेखिका क्लिभिया लिसोभ्स्कीका अनुसार कलेजोका ती प्रतिरक्षा कोशिकाहरू स्नायु तन्तुको नजिक रहेकाले तिनले चुम्बकीय संकेतलाई मस्तिष्कसम्म पुऱ्याउने सम्भावना देखिन्छ, जसले परेवाको दिशा पहिचान प्रणालीमा योगदान दिन सक्छ ।

अनुसन्धानकर्ताहरूले मुसाजस्ता अन्य जनावरमा पनि यस्तै प्रकारको चुम्बकीय प्रणाली हुन सक्ने सम्भावना औंल्याएका छन् । तर बाह्य विज्ञहरूले अझै थप प्रमाण आवश्यक रहेको बताउँदै परेवाहरूले चुम्बकीय संकेत कसरी मस्तिष्कमा व्याख्या गर्छन् भन्ने विषयमा अनुसन्धान जारी रहनुपर्नेमा जोड दिएका छन् । *रासस/एपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २८५००० | प्रति तोला - ० | प्रति तोला - ४८६५ |

आव २०८३/८४ को बजेट

## कुन आयोजनामा कति बजेट ?

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षका लागि रु २१ खर्ब २४ अर्ब ३४ खर्ब बराबरको बजेट प्रस्तुत गरेको छ।

संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा कूल विनियोजनमध्ये चालुतर्फ रु १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९ दशमलव आठ प्रतिशत बराबर विनियोजन गरिएको जानकारी दिए। पुँजीगततर्फ रु चार खर्ब ३१ अर्ब १० करोड, वित्तीय व्यवस्थातर्फ रु चार खर्ब २२ अर्ब ६४ करोड बराबर विनियोजन गरिएको छ।

आगामी आवको बजेटमा कुन आयोजनाका लागि निम्न लिखित बजेट विनियोजन गरिएको छ। पूर्वपश्चिम राजमार्गका लागि रु ३७ अर्ब ४६ करोड, तराई-मधेस द्रुस्तमार्गका लागि रु १७ अर्ब ६४ करोड, हुलाकी राजमार्गका लागि रु चार अर्ब ६५ करोड, कर्णाली राजमार्गका लागि रु एक अर्ब, पुष्पलाल मध्यपहाडी राजमार्गका लागि रु दुई अर्ब १६ करोड, मदन भण्डारी राजमार्गका लागि रु एक अर्ब ४६ करोड, राष्ट्रिय राजमार्ग, रणनीतिक सडक पुल र स्थानीय सडक पुलका लागि रु नौ अर्ब ८७, पृथ्वी राजमार्गका लागि रु छ अर्ब ५५ करोड बजेट वक्तव्यमा उल्लेख गरिएको छ।

बजेट वक्तव्यमा कोशी करिडोरका लागि रु छ अर्ब २५ करोड, गल्छी-स्याफ्रुबेंशी-रसुवागढी सडकखण्डलाई स्तरोन्नति गर्न रु एक अर्ब ३५ करोड, सडक सुरक्षाका लागि रु दुई अर्ब ४६ करोड, सडकको राष्ट्रव्यापी मर्मतसम्भार अभियानका रुपमा सञ्चालन गर्न रु २८ अर्ब ५२ करोड, राजमार्गमा पहिरोको अवरोधलाई हटाउन रु तीन अर्ब १७ करोड, पहिचानयुक्त सहर निर्माण गर्न जग्गा विकास र पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिन रु एक अर्ब ८३ करोड, देशका प्रमुख सहरमा हरियाली प्रवर्द्धनका लागि रु चार अर्ब १९ करोड, झोलुंगे पुल निर्माण गर्न रु पाँच अर्ब १४ करोड विनिजन गरिएको छ।

सडक तथा सहरी पूर्वाधार विकासका लागि रु २८६ अर्ब ४८ करोड, तराई-मधेसका अधुरा खानेपानी आयोजना सम्पन्न गर्न रु दुई अर्ब ५० करोड, उपत्यकामा खानेपानी पाइप सञ्जाल विस्तारका लागि रु सात अर्ब २६ करोड, प्रमुख सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न रु दुई अर्ब ३४ करोड, काठमाडौंमा फोहर पानी प्रशोधन केन्द्र निर्माण गर्न रु तीन अर्ब ४६ करोड, खानेपानी तथा सरसफाईतर्फ रु ३७ अर्ब १७ करोड, प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्न रु ७० अर्ब, ऊर्जा उत्पादन, प्रसारण र वितरण लाइन निर्माणका लागि रु ८५ अर्ब ५४ करोड, राजापुर सिँचाइ/भेरी बबई डाइभर्सन आयोजनाका लागि रु पाँच अर्ब ६३ करोड, सिक्टा सिँचाइ आयोजनाका लागि रु दुई अर्ब ५५ करोड, सुनकोशी-मरिन डाइभर्सन आयोजनाका लागि रु दुई अर्ब ९८ करोड, मधेसमा सिँचाइ सुविधा विस्तार गर्न रु ५३ करोड, महाकाली सिँचाइ/रानी-जमरा-कुलरिया आयोजनाका लागि रु पाँच अर्ब १३ करोड विनियोजित गरिएको छ।

यसैगरी बृहत् दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना-बड्कापथ सिँचाइ आयोजनाका लागि रु एक अर्ब २१ करोड, सिँचाइ प्रणालीको मर्मतसम्भार तथा पुनःस्थापनाका लागि रु ४४ करोड, तराई-मधेसमा भूमिगत सिँचाइ सुविधा पुऱ्याउन रु एक अर्ब ८३ करोड, टारहरूमा लिफ्ट सिँचाइ प्रणालीमार्फत भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन रु ८० करोड, लोक कल्याणकारी विज्ञापनका लागि रु ३३ करोड, सूचना तथा सञ्चार क्षेत्रका लागि रु पाँच अर्ब ९३ करोड, खेलकुद क्षेत्रका लागि रु चार अर्ब तीन करोड, सामुदायिक विद्यालयको पूर्वाधार म्यापिङ गर्न रु एक अर्ब विद्यार्थी छात्रवृत्तिका लागि रु आठ अर्ब ६० करोड, शिक्षा क्षेत्रका लागि रु २१८ अर्ब ३० करोड, स्वास्थ्य क्षेत्रमा रु १०१ अर्ब ९५ करोड बजेट विनियोजन गरिएको छ।

### धेरै माग सम्बोधन भए, प्रभावकारी कार्यान्वयनमा चासोः निजी क्षेत्र

**काठमाडौं (प्रस)–** सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको जेटप्रति निजी क्षेत्रका प्रमुख तीन छाता संगठनहरूले सकारात्मक प्रतिक्रिया दिएका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघका नेतृत्वले बजेटले निजी क्षेत्रका धेरै माग सम्बोधन गरेको भन्दै यसलाई उत्साहजनक र सन्तुलित बताएका हुन्।

बजेटले कर प्रणालीमा सुधार, कृषि र पूर्वाधार क्षेत्रलाई प्राथमिकता तथा निजी क्षेत्रलाई आर्थिक विकासको साझेदारका रूपमा स्वीकार गरेको उनीहरूको ठहर छ। यद्यपि विगतको अनुभवलाई दृष्टिगत गर्दै व्यवसायीहरूले बजेटको प्रभावकारी कार्यान्वयनमा विशेष चासो व्यक्त गरे। वर्तमान सरकारसँग स्पष्ट बहुमत रहेकाले यसपटक घोषणा गरिएका कार्यक्रमहरूले मूर्त रूप पाउनेमा निजी क्षेत्र आशावादी देखिएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले निजी क्षेत्रलाई उत्साहित बनाएको बताए। संघीय संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष श्रेष्ठले बजेटमा गरिएका कतिपय घोषणा सकारात्मक रहेको र यसले शिथिल अर्थतन्त्रलाई पुनर्जागरण गर्ने अपेक्षा राखेको बताए। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले बजेट नीतिगत रूपमा राम्रो र उत्साहजनक रहेको बताए। बजेटले राजस्व प्रशासनमा व्यापक सुधारको प्रयास गरेको र निजी क्षेत्रका लागि सकारात्मक सन्देश प्रवाह गरेको दाबी गरे। 'नीतिगत हिसाबले बजेट निकै राम्रो छ। राजस्वका क्षेत्रमा गरिएका सुधार र दरहरूमा गरिएको परिमार्जनले व्यावसायिक वातावरणमा सुधार ल्याउने अपेक्षा गर्न सकिन्छ', उनले भने। नेपाल उद्योग परिसंघ (सीएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेटले निजी क्षेत्रका धेरै मागहरू सम्बोधन गरेको दाबी गरे बजेटमा करका दरहरूमा परिमार्जन, कानूनी सुधार, विदेशी मुद्राको 'रिप्याट्रिएसन' (फिर्ता लैजाने प्रक्रिया) र डिजिटलाइजेसन जस्ता महत्त्वपूर्ण विषय समेटिएकोमा खुशी व्यक्त गरे।

## ऊर्जा क्षेत्रलाई बजेटमा विशेष प्राथमिकता

### निजी क्षेत्रलाई विद्युत् बिक्रीको अनुमति

**काठमाडौं (प्रस)–** सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ। मुलुकको अर्थतन्त्रको प्रमुख आधारस्तम्भका रुपमा रहेको ऊर्जा क्षेत्रलाई बजेटमार्फत विशेष प्राथमिकतामा राखेर योजना अगाडि सारिएको छ।

संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्न रु ७० अर्ब बराबरको बजेट विनियोजन गरिएको जानकारी दिए।

यस्तै, लगानी बोर्डमार्फत करिब तीन हजार मेगावाटका आयोजना विकास गर्न आवश्यक सहजीकरण गरिने उनले घोषणा गरे।

आगामी वर्ष जलविद्युत् आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी कुल १,०४० मेगावाट राष्ट्रिय प्रसारण लाइनमा थप हुने उनले उल्लेख गरे। त्यससँगै मुलुकको कुल जडित क्षमता पाँच हजार ५३५ मेगावाट पुग्ने अनुमान गरिएको छ। यसैगरी, कुल ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना यसैवर्ष सम्पन्न गर्ने घोषणा गरिएको छ। निर्माणका क्रममा रहेका तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशूली बी सम्पन्न गर्ने र बूढीगण्डकी जलविद्युत् आयोजनालाई विशेष संयन्त्र निर्माण गरी अगाडि बढाउने बजेटमार्फत घोषणा गरिएको छ।

यस्तै, एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, ८२८ मेगावाटको उत्तरगंगा, २१० मेगावाटको चैनपुर-सेती, ९९ मेगावाटको तामाकोसी पाँचौं र ७७ मेगावाटको घुन्सा खोला आयोजनाको वित्तीय व्यवस्थापन गरी निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने योजना अगाडि सारिएको छ।

यस्तै, हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन चालु आवभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। खिम्ती-बारबिसे-काठमाडौं, हेटौंडा-रातमाटे-लप्सीफेदी, न्यू दमौली-न्यू बुटवललगायत ४०० केभी प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिने योजना अगाडि सारिएको छ।

अन्तरदेशीय प्रसारण लाइनतर्फ बुटवल-गोरखपुर तथा इनरुवा-पूर्णिया प्रसारण लाइन निर्माणलाई तीव्रता दिने योजना अगाडि सारिएको छ। ढल्केबर-मुजफ्फरपुर, सीतामढी, लम्की-दोदोधरा-बरेली, लमही-लखनउ, निजगढ-मोतिहारी तथा चिलिमे-केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण सुरु गर्ने योजना बजेटमा अगाडि सारिएको छ।

कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिने, राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय क्षेत्रमा विद्युतीकरण विस्तार गर्ने योजना बजेटमार्फत अगाडि सारिएको छ। ग्रीन हाइड्रोजनको व्यावसायिक उत्पादन सुरु गर्न हेटौंडामा ग्रीन हाइड्रोजन प्लान्ट पाइलट परियोजनाका रूपमा कार्यान्वयन गरिने भएको छ।

त्यस्तै, सुक्खा याममा हुने विद्युत् दबाब व्यवस्थापन गर्न काठमाडौं उपत्यकामा १०० मेगावाट क्षमताको ब्याट्री इनर्जी स्टोरेज प्रणाली सुरु गर्ने सरकारको योजना छ। ग्रीन हाइड्रोजन उत्पादन विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। अर्थमन्त्री डा वाग्लेका अनुसार, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण लाइन निर्माणका लागि कुल रु ८५ अर्ब ५४ करोड विनियोजन गरिएको छ।

आगामी आव थप १५ हजार ८०० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ। यससँगै कुल सिञ्चित खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ। नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिने छ। बबई सिँचाइ आयोजनाअन्तर्गत आगामी आर्थिक वर्ष एक हजार ६०८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने योजना अगाडि सारिएको छ।

राधापुर सिँचाइ योजनाको पुनःस्थापना गर्ने, भेरी-बबई डाइभर्सन आयोजनाको हेडबर्क्स निर्माण सम्पन्न गरिनेछ। यी योजनाका लागि रु पाँच अर्ब ६३ करोड विनियोजन गरिएको छ। सिक्टा सिँचाइ आयोजनाअन्तर्गत बाँके जिल्लाको पूर्वी र पश्चिमी क्षेत्रमा थप पाँच हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ। त्यसका लागि रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ।

सुनकोसी-मरिन डाइभर्सन आयोजनाको बाँध तथा विद्युत् गृह निर्माणका लागि पुनःठेक्का गरी चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण सुरु गरिनेछ। सो आयोजनाका लागि चालु वर्ष रु दुई अर्ब ९८ करोड विनियोजन गरिएको छ।

बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोसी-मरिन डाइभर्सनबाट थप हुने पानी उपयोग गर्दै बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने योजना अगाडि सारिएको छ। त्यसका लागि रु ५३ करोड विनियोजन गरिएको छ। महाकाली सिँचाइ योजनाको कमाण्ड क्षेत्र विस्तार गरिनेछ भने रानी-जमरा कुलरिया आयोजनाको लम्की खण्डको पूर्वाधार विकास गर्ने योजना सरकारको छ। बृहत् दाङ उपत्यका सिँचाइ आयोजना तथा प्रगन्ना-बड्कापथ सिँचाइ योजनाबाट थप दुई हजार ३८० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन रु एक अर्ब २१ करोड विनियोजन गरिएको छ।

## बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा संशोधन गर्ने घोषणा

**काठमाडौं (प्रस)–** सरकारले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन तथा बैंकिङ कसुर तथा सजाय ऐनमा समयानुकूल संशोधन गर्ने भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आवको बजेट वक्तव्यमा बैंक तथा वित्तीय संस्थामा रहेको निष्क्रिय कोषको रकम वास्तविक हकवालाले दाबी गर्दा उपलब्ध हुने सुनिश्चितता कायम गर्दै तोकिएको कानुनी प्रक्रियाअनुसार उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने योजना अगाडि सारिएको जानकारी दिए। बजेटमा विपन्न तथा साना किसानका लागि कर्जा तथा पशुधन कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

वाणिज्य बैंक तथा भुक्तानी सेवा प्रदायक संस्थाले अन्तरराष्ट्रिय भुक्तानी नेटवर्कसँग सम्झौता गर्नसक्ने गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय 'पेमेन्ट एग्रिगेटर' र 'नेसनल पेमेन्ट स्वीच'लाई प्रभावकारी बनाउने योजना अगाडि सारिएको छ। पेमेन्ट एग्रिगेटरको नियमनका लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिएको छ।

सहुलियतपूर्ण कर्जाको प्रभावकारिता अभिवृद्धि गर्न तेस्रो पक्षमार्फत कर्जाको गुणस्तर मूल्यांकन गर्ने नीति अगाडि सारिएको छ। बजेटमार्फत जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई यस कार्यक्रमको लाभग्राहीका रूपमा सहभागी गराउने योजना अगाडि सारिएको छ।

बजेटमार्फ विद्युत् खपत वृद्धि तथा प्रदूषण नियन्त्रण गर्न घरायसी प्रयोजनका 'वासिङ मेसिन', 'रेफ्रिजेरेटर', 'भ्याकुम क्लिनर'लगायत विद्युतीय उपकरण 'हायर पर्चेज' प्रणालीमार्फत खरिद-बिक्री गर्न सकिने व्यवस्था मिलाइएको छ। नेपाली बिमा कम्पनीबाट जारी हुने बिमालेखको कम्तीमा २० प्रतिशत नेपाल पुनःबिमा कम्पनीमार्फत पुनःबिमा गराउनुपर्ने व्यवस्था गरिएको छ। दीर्घकालीन प्रकृतिका बिमाको सामूहिक बिमा कोषको नेतृत्व तथा सञ्चालन नेपाल पुनःबिमा कम्पनीमार्फत गरिनेछ। जोखिम न्यूनीकरणका लागि पुनःबिमाको निश्चित हिस्सा विदेशी पुनःबिमा कम्पनीसँग गराउने व्यवस्था गरिएको छ।

## कोरलानाकाबाट सातामै ६१४ सवारी भित्रिए

■ प्रभाव संवाददाता

**मुस्ताङ –** एकसातामा नेपाल-चीन उत्तरी कोरलानाका हुँदै चिनियाँ कम्पनीका ६१४ वटा विद्युतीय सवारीसाधन (इभी) नेपाल भित्रिएका छन्। कोरलानाकास्थित लोमन्थाङ गाउँपालिका-१ न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयका अनुसार यही ७ जेठदेखि १५ गतेसम्म कोरलानाका हुँदै नेपालतर्फ ६१४ वटा इभी नेपाल भित्रिएका हुन्।

भन्सार कार्यालयका प्रमुख विदुर चुँडालका अनुसार कोरलानाका हुँदै चीनबाट पैठारी गरिएका विद्युतीय सवारीसाधनमध्ये ६१४ वटा इभीको भन्सार जाँचपास भइसकेको छ। नेपाल भित्रिएर भन्सार जाँचपास भइसकेका विद्युतीय सवारीसाधन बिवाइडी कम्पनीको रहेका उनले जानकारी दिए।

चिनियाँ कम्पनीमार्फत बनेका त्यस्ता विद्युतीय सवारीसाधन कति संख्यामा नेपाल भित्रँदैछन् भन्ने यकीन जानकारी प्राप्त नभएको भन्सार प्रमुख चुँडालले बताए। 'हिउँदयामपछि पहिलो चरणमा नाकाबाट इभी भित्रिन थालेका छन्, अझै ठूलो संख्यामा यहाँबाट इभी नेपाल भित्रिने जानकारी पाएका छौँ', उनले भने, 'बिवाइडीले कति वटा इभी नेपाल भित्र्याउँदैछ भन्ने जानकारी छैन, नेपाल भित्रिएका कतिपय विद्युतीय सवारी भन्सार जाँचपासको चरणमा छन्।'

कोरलानाकाबाट भित्रिएका इभीको भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका लोमान्थाङ हुँदै जोमसोम झर्ने क्रममा रहेका भन्सार प्रमुख चुँडालले जानकारी दिए। एकसातामा भन्सार जाँचपास भएका करिब २०० भन्दाबढी विद्युतीय सवारीसाधन मुस्ताङको जोमसोम आइपुगेका छन्। नाकाबाट भित्रिएका सवारीसाधनमध्ये घरपझोङ-४ जोमसोमस्थित सार्वजिक बसपार्कमा पार्किङ गरी चार्जिङका लागि रोकिएका उनले बताए।

नेपाल-चीन कोरलानाकाबाट भित्रिएका इभीका लागि चार्जिक स्टेसन कम हुँदा 'होल्डिङ' गरी बस्नुपर्ने अवस्था रहेको भन्सार प्रमुख चुँडालको भनाइ छ। उनका अनुसार उपल्लो मुस्ताङको चराङमा एक र जोमसोममा दुई वटा विद्युतीय सवारी चार्जिङ स्टेसन सञ्चालनमा रहेका छन्।

नेपाल-चीन उत्तरी कोरलानाका गत भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा ल्याइएको हो। तातोपानी नाका र रसुवागढी नाकाको विकल्पमा प्रयोग गरिएको यसनाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै चीनतर्फ निकासी तथा पैठारी कारोबार वृद्धि भएको भन्सार प्रमुख चुँडालले जानकारी दिए। उनका अनुसार कोरलानाकाबाट गत पुस मसान्तसम्म दुई हजार ३२९ वटा इभी नेपाल भित्रिएका छन्। मुस्ताङ भन्सार कार्यालयका प्रमुख चुँडालका अनुसार गत भदौ ३१ गतेदेखि वैशाखसम्म यो नाका हुँदै निकासी तथा पैठारीबाट भन्सार राजस्व रु पाँच अर्ब ७८ करोड छ लाख संकलन भएको छ। कोरलानाकाबाट विद्युतीय सवारीसाधनसहित अन्य सामानको चीनतर्फ निकासी तथा पैठारी हुँदा स्थानीय युवाले वैकल्पिक रोजगारी प्राप्त गरेका उनको भनाइ छ।

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं।

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनः प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचन गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचन गर्ने बानी बसालौं।

पानी जीवन हो-यसको संरक्षण हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ